# शिक्षकहरुको पेशागत नैतिकताको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय एम. एड.द्धितीय वर्षको आंशिक आवश्यता परिपूर्तिका लागि तयार गरिएको शोध पत्र


प्रस्तुतकर्ता

वीरवहादुर राई

त्रि. वि. दर्ता नं. २८२१-८८

परीक्षा रोल  नं. २२२००४५



त्रिभुवन विश्वविद्यालय वरुण वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदवारी, सङ्खुवासभा

२०७०

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय वरुण वहुमुखी क्याम्पस खाँदवारी स्नातकोत्तर
द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पुरागर्नको लागि संखुवासभा जिल्लाको खाँदवारी नगरपालिका भित्रको सामुदायिक माध्यमिक विद्यालय भित्रका शिक्षकका पेशागत नैतिकताको अध्ययन गरी यो शोधपत्र तयार गरेको छु।

नेपालमा शिक्षाको क्षेत्रमा सरकारको तर्फबाट गरेको लगानीको तुलनामा गुणस्तरीय शिक्षाको व्यवस्था अपेक्षाकृत हुन नसकेको कुरा सबैपक्षबाट स्विकार गरिएको छ। यसो हुनमा विद्यालय विकासमा जनसहभागिता जुट्न नसक्नु , विद्यालयका सरोकारवालाहरुमा व्यवस्थापकीय सीप र क्षमताको अभाव देखिनु एवम् विद्यालयको आफ्नो निर्दिष्ट कार्ययोजना बन्न नसक्नु जस्ता कारणहरु महसुस गरियो। सरोकारवालाको क्षमतामा अभिवृद्धि गरी स्थानीय स्तरमा नै योजना निमार्ण कार्यान्वयन एवम् अनुगमनको समेतको जिम्मेवारी दिई शिक्षा क्षेत्रमा पनि विकेन्द्रित नीति अनुसार विधालय सुधार योजना समेतको अवधारण लागु गरियो। तर पनि राज्यले अपेक्षा गरेको शैक्षिक उपलब्धी प्राप्त हुन सकिरहेको छैन। यसो हुनु भनेको कार्यक्रम फेलखानु हो भनेर मात्र दोष दिन मिल्दैन। किनभने यसको अर्को महत्वपूर्ण पक्ष  शिक्षक पनि हो। शिक्षकको पेशागत नैतिकता शिक्षाको स्तर उन्नति अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण पाटो हो।  तसर्थ यस शोधपत्रमा शिक्षकको पेशागत नैतिकताको बारेमा अनुसन्धान  गरिएको छ। प्राप्त निष्कर्ष र सुझावहरु औल्याई अनुसन्धान कार्य पुरा गरिएको छ। यस अध्ययनले सम्वन्धित निकायहरुको ध्यानकर्षण गरी शिक्षाको गुणस्तर वृद्धिमा समेत सहयोग पुग्ने आशा लिएको छु।

यस शोधकार्य तयार पार्न मार्ग निर्देशन गर्नु हुने यस क्याम्पसको शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख एवम् शोध निर्देशक श्री सन्तोषकुमार वराल र शोधकार्यमा निरन्तर उत्प्रेरणा दिनुहुने क्याम्पस प्रमुख श्री टीकाराम गुरुङ्ग प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रश्नावली भरी सहयोग गर्नु हुने वि.व्य.स. तथा अभिभावक, प्र.अ., शिक्षक तथा विद्यार्थीहरु र श्री हि.उ.मा.वि. खाँदवारीका शिक्षक श्री ताराबहादुर वुढाथोकी, श्री भुवन हलिदे, श्री सुलोचना शर्मा , श्री वेदकुमारी चापागाई , श्री बसन्त कार्की, श्री खगेश्वर घिमिरे, श्री डोलनाथ नेपाल, श्री तेजनाथ पोखरेल श्री फणिन्द्र खनालका साथै अन्य शिक्षक वर्गहरु र मलाई बारम्बार सन्दर्भ सामग्री जुटाउनमा सहयोग गर्नु हुने र सुझाब दिनु हुने एम. फिल. का विद्यार्थी मेरा बैनी ज्वाई श्री ईन्द्रमणि राई प्रति आभार व्यक्त गर्दछु।

शोधकर्ता

# *शोध सार*

*नेपालमा विद्यालय शिक्षाको विकास र विस्तारको लामो इतिहास भएता पनि आधुनिक शिक्षाको विकास वि.सं. २००७ सालको प्रजातन्त्रको आगमन पछि यसले व्यापकता पाएको हो । विद्यालय तहको शिक्षामा विद्यालयको संख्या उल्लेख्य मात्रमा खोलिएको भएतापनि अझै प्राथमिक तहका करिब ५% बालबालिकाहरु आधुनिक औपचारिक शिक्षाबाट वञ्चित छन् । त्यस्तैगरी विद्यालयको अवसर प्राप्त गरेको बालबालिहरुलाई पनि शिक्षामा नयाँ पाठ्यक्रम तथा विभिन्न किसिमका शिक्षकहरुलाई तालिमको व्यवस्था गरेता पनि गुणस्तरीय शिक्षा व्यवस्था अपेक्षाकृत हुन नसकेको देखिएको छ । राष्ट्रले अपेक्षा गरेको उपलब्धिमा सोचे अनुरुप प्राप्ति हुन नसक्नाका विविध कारणहरु मध्ये शिक्षण गर्ने शिक्षकको पनि पेशाप्रति समर्पण, पेशागत नैतिकता पनि एक हो भन्ने मलाई लागेको छ ।*

*शिक्षा ऐन र नियमहरुमा शिक्षकका पेशागत नैतिकताका बारेमा आचारसंहिता उल्लेख भए तापनि यसलाई स्थानीय तहसम्म सामान्यीकरण गर्न नसकिएको अवस्था रहेको छ । जब अध्यापन गर्ने शिक्षक आफ्नो आचार संहितामा रहन नसकेको अवस्थामा राज्यले अपेक्षा गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सक्दैन । यस सम्बन्धमा शिक्षकको पेशागत नैतिकता बुझाइ , शिक्षकको पेशालाई खराब बनाउने तत्वहरुको पहिचान , नीतिनियमका प्रयोगका अभ्यासहरुको बारेमा गहन रुपमा खोजी गर्न आवश्यक देखिन्छ । यसका निमित्त पेशागत नैतिकताको सिद्धान्तको बारेमा बुझ्न यस अध्ययनमा शिक्षक र प्रधानाध्यापकहरुले नैतिक सिद्धान्तका नीतिहरुलाई के कसरी लिएका छन् ? नैतिकवान हुनका लागि शिक्षकहरु सचेत छन् ? नैतिकताको बारेमा शिक्षकलाई कुनै जानकारी छ ? शिक्षकलाई नैतिक जिम्मेवारी थाहा छ ? विद्यार्थी र अभिभावकहरुमा शिक्षकको पेशागत नैतिकताको बुझाइ कस्तो रहेको छ ? यी समस्याका समाधानका उपायहरु के के हुन सक्छन् ? जस्ता प्रश्नहरुका उत्तर खोजी गर्नका लागि अनुसन्धानका उद्देश्यहरु शिक्षकहरुका पेशागत नैतिकताको व्यवहारिक अभ्यास खोजी गर्नु, विद्यार्थीको दृष्टिकोणमा शिक्षकहरुको पेशागत नैतिकतालाई पत्ता लगाउनु, शिक्षकको पेशागत नैतिकतालाई प्रभावकारी बनाउन प्रधानाध्यापकको भूमिका पत्ता लगाउनु, शिक्षकको पेशागत नैतिकताको सम्बन्धमा वि.व्य. स. तथा अभिभावकहरुको धारणलाई उजागर गर्न जस्ता उद्देश्य राखी अनुसन्धान गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ ।*

*यस अनुसन्धानलाई अघि बढाउन विषयसंग सम्बन्धित शोधकार्य, दस्तावेज , जर्नल समेत अध्ययन गरिएको छ । अनुसन्धानलाई पुरा गर्न प्रश्नावली, अन्तरवार्ता एवं अवलोकनलाई प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनका विधिमा परिमाणात्मक र गुणात्मक दुवै विधि प्रयोग गरी मिश्रित विधिबाट संकलन गरिएको छ । प्राप्त भएका तथ्यांकलाई विषयवस्तुको आधारमा शिक्षकसँगको प्रश्नावली , विद्यार्थीसँगको प्रश्नावली , प्र.अ.सँगको प्रश्नावली र वि.व्य.स.तथा अभिभावकसँगको प्रश्नावलीबाट प्राप्त भएको उत्तरलाई छुट्टाछुट्टै तालिकामा राखी प्रतिशत मानमा पत्ता लगाई प्राप्त तथ्यांकहरुको विश्लेषण गरिएको छ ।*

*विश्लेषणको आधारमा शिक्षकको पेशागत नैतिकताको सवालमा शिक्षकलाई आचार संहिताको बारमा थुप्रै कुराहरुको ज्ञान रहँदा रहँदै पनि यसको अनुगमनको पक्षको कमीले गर्दा यसलाई सहज रुपमा प्रयोग नभएको पाइयो । पेशागत नैतिकतालाई कार्यन्वयन गराउन शिक्षकलाई पेशा प्रति समपिर्त भावना जाग्रित हुने किसिमका तालिम गोष्ठि तथा पेशालाई आर्थिक रुपमा पनि आकर्षण गरिनु पर्छ भन्ने विष्लेषणबाट देखिएको छ । शिक्षक स्वयंम्ले पनि आफ्नो पेशाप्रति कर्तव्यनिष्ठ ढंगबाट समर्पित भएर कार्य गर्नु पर्छ । सम्बन्धित पक्षबाट प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्ने सुझाव सहितको निष्कर्ष निकालिएको छ।*

*शोधार्थी*

# विषय सूची

| | पृष्ठ |
|---|---|
| सिफारीस पत्र | i |
| स्वीकृती पत्र | ii |
| कृतज्ञता | iii |
| शोधसार | v |
| विषयसूचि | vii |
| संक्षिप्त शब्दहरुको पूर्ण रुप | ix |

परिच्छेद एक :

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनका उद्देश्यहरु | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ मुख्य शव्दहरु को परिभाषा | ८ |

परिच्छेद दुई :

सम्वन्धित साहित्यको पुनरावलोकन र सैंद्धान्तिक संरचना

| | |
|---|---|
| २.१ सम्वन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ सैद्धान्तिक संरचना | १४ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १८ |

परिच्छेद तीन :

अध्ययन विधि

| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | २० |
| ३.२ जनसंख्या र नमूना | २० |
| ३.३ तथ्याङ्क संङ्कलनका साधन | २१ |
| ३.४ तथ्याङ्कका स्रोतहरु | २१ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | २१ |
| ३.६ तथ्यांक विश्लेषण प्रक्रिया | २२ |

## परिच्छेद चार :

## नतिजा विश्लेषण


४.१ पेशागत नैतिकताको विषयमा शिक्षक स्वयंमको आत्ममुल्यांकनको विष्लेषण २३

४.२ विद्यार्थीको दृष्टिकोणमा शिक्षकको पेशागत नैतिकता २९

४.३ प्रधानाध्यापकको भूमिका २९

४.४ विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको अवभारणाको विश्लेषण ३६


## परिच्छेद पाँच :

## प्राप्ति , निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ४०

५.२ सुझावहरु ४७

सन्दर्भ सामग्री

अनुसूचि

## संक्षिप्त शब्दहरुको पूर्ण रुप

वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति ।

गा.शि.स. - गाँऊ शिक्षा समिति ।

शि.अ.सं. - शिक्षक अभिभावक संघ ।

अ.दु.अ.आ. - अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

देशको सामाजिक आर्थिक विकासमा परिवर्तन ल्याउनको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा आजको विकासको आधारशिला हो । शिक्षाको विस्तारको लागि विद्यालयको संख्या वढाएर मात्र हुँदैन । स्थापना भएका विद्यालयहरुको गुणस्तर वृद्धि नगरेसम्म गुणस्तरीय शिक्षाको कल्पना गर्नु अनर्थ हुन्छ । शिक्षामा लगाएका लगानी वालुवमा खन्याएको पानी सरह हुन्छ । विद्यालयको गुणस्तर वृद्धि गराउने पक्षहरु मध्येमा शिक्षक पनि एउटा महत्वपूर्ण पक्ष हो ।

शिक्षकको व्यक्तित्व र पेशागत गुणको बारेमा ( शर्मा, शर्मा, २०६४, पेज. ४१५-४१६ ) का अनुसार विद्यालयमा कक्षा शिक्षण गर्ने व्यक्तिलाई शिक्षक भनिन्छ । शिक्षाको सुरुवातबाट नै शिक्षकको आफ्नो जिम्मेवारी , उत्तरदायित्व र कर्तव्य आफ्नै प्रकारको रहँदै आएको पाइन्छ । अर्थात् शिक्षा दिन विद्यार्थीहरुको व्यवहारमा परिवर्तन ल्याउन मात्र कार्यरत र कर्तव्यनिष्ठ व्यक्ति शिक्षकलाई मानिन्छ । शिक्षकले गर्ने शिक्षण पेशालाई सम्मानित पेशागत कार्य मानिन्छ । शिक्षण पेशा समाजको उचस्तरीय र मर्यादित पेशा मानिन्छ ।

बालबालिकालाई राम्रो शिक्षा दिनु शिक्षकको पेशागत धर्म मानिन्छ । बालबालिका भोलिका आधार हुन् । भविष्यका सन्ततिहरुको सही मार्गनिर्देशन गर्ने जिम्मेवारी शिक्षकको हुन्छ । भोलिका दार्शनिक, सामाजिक नेता , अर्थविद् , समाजशास्त्री , राजनेता , वैज्ञानिक र सबै तहका जनशक्तिहरु निर्माण गर्ने व्यक्ति शिक्षक हुन् । विद्यार्थीहरुको व्यवहारमा चाहेको परिवर्तन ल्याउने , वानीको विकास गराउने ,व्यक्तित्व , चरित्र र अनुशासनको विकास गराउने दायित्व शिक्षकको हुन्छ । समय अनुसार प्राचीन , मध्य र आधुनिक कालमा शिक्षकले गर्ने क्रियाकलाप सामाजिक इच्छा , चाहना र मागमा आधारित हुँदै आएको छ । त्यस अनुसार हाल क्रियाकलाप-केन्द्रित , बालकेन्द्रित , सामग्री-केन्द्रित र व्यवहार केन्द्रित शिक्षण गर्नुपर्ने शिक्षकको कार्य मानिन्छ ।
शिक्षक त्यस्तो व्यक्ति हो जसले समाजका विविध कुराहरुको प्रतिनिधित्व गर्दछ ; शिक्षक त्यस्तो व्यक्ति हो जसले विद्यालयमा सामाजिक र शैक्षिक वातावरण निर्माण गर्दछ ; शिक्षक त्यस्तो व्यक्ति

हो जसले जस्तो व्यवहारको विद्यार्थीलाई पनि सही बाटोमा ल्याउने गर्दछ । तसर्थ शिक्षकको व्यक्तित्व र गुणको बारेमा बताउन सजिलो छैन । शिक्षकको गुणको मापन गर्ने कुनै त्यस्तो साधन छैन । तसर्थ शिक्षकको भूमिका , उत्तरदायित्व र पेशागत नैतिकतालाई गहन रुपमा अध्ययन र खोजि गरिनु पर्दछ ।

विद्यालयमा शिक्षण गर्ने शिक्षक शिक्षा पद्धतिको महत्वपूर्ण भूमिकामा रहन्छ । ज्ञान, सिप, हासिल गर्ने काममा सिकारुलाई शिक्षकले सहजीकरण गर्दछ । शिक्षक एउटा सहजकर्ता मात्र नभएर उसले सिकारुसंग सम्बन्धित बानी व्यवहार, आदत, बोलाइ, धारणा, निजी र सामाजिक जीवनका सम्पूर्ण पक्षको लेखाजोखा राख्दछ । यसले शिक्षाको धारणामा परिवर्तन गर्छ र शिक्षकको आचारसंहिता विकासमा महत्वपूर्ण सावित हुन्छ । शिक्षकको आचार संहिताहरु शिक्षकको वानी व्यवहार र कार्यगत प्रस्तुती सुधारमा तल्लीन रहन्छ । जसले शिक्षकको काम पूरा गर्दछ । नैतिक सिद्धान्त पेशागतहरुका लागि पेशागत धारणा बन्न सक्छ । पेशागत धारणाले व्यक्तिको निश्चित कामको प्रकृति , कामको नियन्त्रण र सहजीकरण गर्दछ । कामको प्रकृति र कार्यगत पृष्ठभूमिको आधारमा पेशागत धारणाले व्यक्तिको बानी व्यवहारलाई नियन्त्रण र निर्देशन दिन्छ । ( Wesley and Buyec ,2006 .) का अनुसार पेशागत धारणाले आस्था, विश्वास र जीवन चलाउने वानी समावेश गर्दछ । जसको निर्माण पेशागत व्यक्तिहरुको समूहको आचरण सुधार्न सल्लाह दिनको लागि भएको हुन्छ । यसको सम्बन्ध पेशागत व्यक्ति तथा संस्था,उपभोक्ता र सहकर्मी साथीहरुसंग हुन्छ । त्यस्तै (Fiedler and Haren , 2008 . p.1) का अनुसार पेशागत धारणाले शिक्षकको चालचलन निर्देशित गर्ने भएकोले यसलाई शिक्षण सिकाइ प्रक्रियाको महत्वपूर्ण भागको रुपमा लिइन्छ । विद्यार्थीहरुलाई नैतिक शिक्षा प्रदान गर्नु भनेको अभिभावकको कर्तव्य हो ; तथापि शिक्षकलाई सामाजिक मूल्य मान्यता दिने कामबाट टाढा राख्न भने सकिन्न । केटाकेटीहरुलाई नैतिक शिक्षा दिन तिनका अभिभावकले प्राथमिक उत्तरदायित्व बोकेको हुन्छन् । जे भए पनि विद्यालयले प्रजातान्त्रिक र असल नागरिक बन्न शिक्षा दिने उत्तरदायित्व बोकेको हुन्छ । (Coombs - Richardson , 2005 , P.264.) का अनुसार अझ थप शिक्षकको असल धारणा विद्यालयको हाताभित्र मात्र नभई विद्यालय बाहिर पनि निरन्तर हुनुपर्छ । प्लेटोले भने अनुसार राजनीति , पेशागत मर्यादा र सिकाइ कडाईका साथ सम्बन्धित छ । विद्यालयमा शिक्षण गर्ने शिक्षक वा गुरु नैतिक रुपमा आफू सफा रहेको हुनुपर्दछ । पेशालाई नैतिक रुपमा उभ्याउन शिक्षकले नैतिक रुपमा चरित्रवान हुनुपर्छ ; धुम्रपान मध्यपान नगर्ने , तटष्थताको सिद्धान्तमा रहने , पेशाप्रति समर्पित व्यक्ति हुनु पर्दछ।

हाम्रा सामुदायिक विद्यालयहरुमा शिक्षण गर्ने शिक्षकमाथि उल्लेखित नैतिकता भित्र छन् वा छैनन् अध्ययन गर्नु पर्ने हाम्रो सामु परिस्थिति देखा परेको छ । राज्यको नीति नियम  तथा योजना कार्यन्वय गर्ने मुख्य एकाई भनेको शिक्षक हो । शिक्षकलाई हेर्ने  विद्यार्थी तथा शिक्षक माथि भर पर्ने अभिभावकहरु रहेका हुन्छन् । राज्यको लगानीलाई खेर जान नदिने व्यक्तिको रुपमा लिनु पर्दा शिक्षकलाई पहिलो आधार व्यक्तिको रुपमा लिनुपर्दछ । यसर्थ  उसको पेशागत नैतिकताको गहन अध्ययन गरिनु पर्दछ । आफ्नो पेशाप्रति शिक्षक आचरसंहितामा छन् वा छैनन् अध्ययन गरिनुपर्छ । विद्यालयको वातावरणमा पेशागत ज्ञान, शैक्षिक दक्षता आदि शिक्षाबाट तय गरिन्छ ,त्यसरी नै शिक्षकबाट अभिभावकले पेशागत सद्भाव र भाइचाराको व्यवहार प्रस्तुतिको धेरै आशा राखेको हुन्छन । तिनीहरुको व्यक्तिगत जीवनमा पनि शिक्षकबाट सुहाउदो नैतिक मूल्य र मान्यताको आशा गरिन्छ । जसले अभिभावक र समुदायको नजरमा सुहाउदो, नियमित विद्यार्थीहरुलाई पढाउने शिक्षकलाई मान्यता दिन्छ ।  शिक्षकको पेशागत नैतिकताका बारेमा राज्यको भूमिका नकार्न सकिदैन । शैक्षिक ऐन र नियमहरु मार्फत विद्यालयमा हुने नैतिक अभ्यासलाई निर्माण गर्दछ । उदाहरणका लागि नैतिक नियमले विद्यालयमा चरित्र निर्माण प्रदान गर्दछ । नैतिक मूल्य र मान्यता धेरै विद्यालयहरुमा सपनामा नै सिमित हुन्छन् । आचारसंहितालाई विद्यालयको भित्तामा झुन्ड्याएर मात्र हुँदैन । त्यसको कार्यान्वयन  गर्ने कार्य ठूलो हो । कार्यन्वन गराउने पक्षको पनि जिम्मेवारी हो; यो उसको नैतिकताभित्र रहन्छ । यो कार्य भैरहेको छ कि छैन सो कुराको अवलोकन गरिनु र अनुसन्धान गरिनु पर्छ । शिक्षकको पेशागत नैतिकता के कस्तो रुपमा शिक्षक स्वयंमले लिएको छ र अन्य सरोकार पक्षले यसलाई कसरी अवलोकन गरिरहेको छ यसका अध्ययनको पाटो देखिएको छ । तालिम , कार्यशाला तथा गोष्ठीमा विषय वस्तु , शैक्षिक समग्री तथा व्यवस्थापन आदि पक्षमा छलफल भए तापनि सम्पूर्ण पक्षलाई प्रभाव पु-याउने शिक्षकको पेशागत नैतिकताको बारेमा कतैबाट पनि यसलाई हेर्न खोजिएको देखिएको छैन । त्यसैले शिक्षकसँग सम्बन्धित पेशागत नैतिकताका सम्वन्धमा विषयवस्तुको खोजी , विश्लेषण र अनुसन्धान गर्न विद्यालयको पूर्ण नैतिक अभ्यासलाई बढुवा दिने कार्य गर्न अनिवार्य छ । पेशाप्रति सरोकार शिक्षक , विद्यार्थी , प्र.अ. , वि. व्या. स. तथा अभिभावकहरुले पेशागत नैतिकतालाई कसरी मुल्याङ्कन गरिरहेका छन् यसको गहिराइमा पुग्नु जरुरी छ । त्यसैले यस अध्ययनको उद्देश्य भनेको शिक्षकहरुको पेशागत नैतिकता सम्बन्धी विद्यालयमा भएको अभ्यासलाई खोतल्दै बाहिर निकाल्नु रहकोछ ।

## १.२ समस्याको कथन

विद्यालयमा शिक्षण गर्ने शिक्षक समाजको र विद्यार्थीको ऐना हो , हेर्ने ऐना सफा हुनुपर्छ । त्यसैले विद्यालयमा पेशागत सम्वन्ध र सद्भाव व्यवस्थापन गर्ने र नैतिक सिद्धान्तले इमान्दारीता, विश्वासनियता र उच्च सम्बन्धको निर्माण साथीहरु र विद्यार्थीहरु माझ गर्दछ। जसले विद्यालय र यससंग सम्वन्धित सबै पक्षको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउदछ, (Tschnnen -moran , 2009, p.243) । त्यसकारण वर्तमान परिपेक्ष्यमा नैतिक सिद्धान्तलाई विद्यालयमा हुने गरेका दैनिक व्यवहारमा केन्द्रित गर्न आवश्यक छ । जे भएपनि विद्यालयमा हुने नैतिकताको अवस्थाको बारेमा नीतिनिर्माण कर्ताले ध्यान दिएका छैनन् । विद्यालयको निश्चित हाताभित्र नैतिकताका प्रयासका बारेमा बुझ्न शिक्षकको नैतिकता बुझाइ, शिक्षकलाई खराब बनाउने तत्वहरुको पहिचान , विद्यालयमा गरिने अभ्यासका बारेमा शिक्षकको प्रतिक्रिया , सिकाइ कार्यमा लगाव , शिक्षामा पेशागत योगदान र नीति नियमका प्रयोगका अभ्यासहरुबिच भएको असमानता आदिलाई विचार पुऱ्याउनु आवश्यक छ । यिनीहरु त केही प्रमुख समस्याहरु मात्र हुन, जसमा नैतिकताका बारेमा रुचि देखाउने शैक्षिक वर्गहरुले विद्यालयमा हुने नेपाली शिक्षकहरुका अभ्यासका बारेमा शिक्षकको दृष्टिकोण बुझ्नको खातिर प्रश्नहरु गर्न सक्छन । शिक्षकको नैतिक सिद्धान्तलाई विद्यालयमा कसरी लिनुका साथै अभ्यास गरिएको छ भन्ने महत्वपूर्ण प्रश्नलाई हालसम्म गहन रुपले अध्ययन गरिएको छैन । विद्यालयको हाताभित्र हुने नैतिक सिद्धान्तको प्रयास र अनुभूतिको बारेमा बुझ्न हामीहरुले बिभिन्न प्रश्नहरुका उत्तर खोज्नु पर्दछ । ती बिभिन्न प्रश्नहरुको समस्यालाई समाधान खोज्ने प्रयास गरिएको छ :

१) शिक्षक र प्रधानाध्यापकहरुले नैतिक सिद्धान्तको नीतिहरुलाई के कसरी लिएका छन् ?

२) के नैतिकवान हुनका लागि शिक्षकहरु सचेत छन् ?

३) पेशागत नैतिकताको बारेमा शिक्षकहरुलाई कुनै जानकारी छ ?

४) शिक्षकहरुमाथि कुनै नैतिक जिम्मेवारी छ , भन्ने कुरा थाहा छ ?

५) शिक्षक र विद्यार्थीबीच नैतिकताको बुझाईमा भिन्नता छ ?

माथि उल्लेखित यस्ता थुप्रै प्रश्नहरु हाम्रा सामु रहेका कारणले गर्दा शिक्षकको पेशागत सम्बन्धी दृष्टिकोणलाई स्थान दिनुपर्ने केहि प्रश्नहरु यहाँ आएका हुन् ।

## १.३ अध्ययनको औचित्य

नेपालमा शिक्षाको विकासका लागि नेपाल सरकारको तर्फवाट विभिन्न समयमा विभिन्न आयोग, समिति, कार्यदलहरु गठन भएका छन् । तिनीहरुले दिएका सुझाबमा शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न किसिमका सुधारका नीति तथा कार्यनीतिहरु र नयाँ किसिमका कार्य योजनाहरु पेश गरेका छन् तर ती सुझावहरुमा शिक्षकको पेशागत नैतिकताको बारेमा कम ध्यान दिएको हो कि भन्ने देखिन्छ । विद्यालयमा नैतिक सिद्धान्त गुणस्तरीय शिक्षाको लागि ज्यादै महत्वपूर्ण मानिन्छ । शिक्षाका हरेक हिमायतीहरुले यसलाई फरक ढंगले परिभाषित गर्दछन । विद्यालयमा हुने क्रियाकलापलाई सफल र अर्थपूर्ण बनाउनका लागि नीतिनिर्माण कर्तालाई शिक्षकको पेशागत नैतिक सिद्धान्त सम्वन्धी बुझाइ, तिनीहरुको प्राथमिकतामा नैतिक सिद्धान्तको अभ्यास सम्बन्धी प्रतिक्रिया र शिक्षकको नैतिक सिद्धान्तसंग जोडिएका सम्पूर्ण सवालहरु आदि सम्बन्धी ज्ञान आवश्यक छ । शिक्षक नमूना हो भन्ने कुरा उसको पेशाले नै मार्ग निर्देशन गरेको हुन्छ । शिक्षकको आफ्नो पेशाप्रतिको नैतिकतामा कतिको जिम्मेवारी वहन गरेको छ भन्ने सवालमा यसलाई गहन रुपमा अध्ययन गरिएको छैन । यसो भएको कारणले पनि यसलाई अध्ययनको विषय बनाइएको छ । अध्ययनको खोजीकार्य गरिएको छ । यस अध्ययनवाट निस्किएका निष्कर्षवाट सरकारका विभिन्न संघसस्था तथा शिक्षामा लगानीकर्ताले गरेको लगानीले कस्तो प्रतिफल प्राप्त ग-यो ? विद्यार्थीका अविभाकहरुले आफ्ना नानीहरुलाई पढाउनु हुने गुरुजनहरुको पेशाप्रतिको नैतिकताको बारेका पनि धारण थाहा पाउने छन् । यस अध्ययनबाट राज्यले बनाउने नीति नियम तथा ऐनमा शिक्षकप्रतिको आचारसंहिता कस्तो बनाइनु पर्छ भन्ने मार्ग निर्देशन बन्ने छ । विद्यालयमा शिक्षण गर्ने शिक्षकले पनि आफ्नो पेशाप्रतिको नैतिकता के हो भन्ने मार्ग निर्देशन बन्ने छ । विद्यालयमा गरिने नैतिक सिद्धान्तको अभ्यासको क्रममा प्र.अ. सहित नेतृत्व तहमा भएका सबै पक्षहरु वि.व्य.स. तथा शि.अ.सं.लाई धेरै चुनौतिका गर्नु पर्ने  सामनाका लागि यसले सहयोग गर्दछ । यदि शिक्षकले नैतिक व्यक्तिको रुपमा आफ्नो उत्तरदायित्वलाई वहन गरेको खण्डमा तिनीहरुको सैद्धान्तिक तहमा नैतिक सवाल र कठिनाइ सम्बन्धित कारण दिन सक्ने र तिनीहरुसंग नैतिक उत्तरदायित्वको सचेतना पनि हुनेछ । यदि शिक्षकले नैतिक व्यक्तिको रुपमा आफ्ना उत्तरदायित्वलाई बहन गरेको खण्डमा तिनीहरुको सैद्धान्तिक तहमा नैतिक सवाल र कठिनाई सम्बन्धित कारण दिन सक्ने र तिनीहरुसंग नैतिक उत्तरदायित्वको सचेतना पनि हुनेछ । किन शैक्षिक पेशामा व्यक्तिले धेरै चुनौतिको सामना गर्नु पर्दछ भन्ने बारेमा प्रसस्त कारणहरु हुनसक्छ । नैतिक सिद्धान्त सम्बन्धी गरिएका अध्यनहरुले

शिक्षकलाई आफूसंग भएका दुविधाहरु हटाउन र नैतिकवान् भई आफ्नो कार्यमा योगदान पुऱ्याउन र नैतिक सिद्धान्त निर्माण कार्य तथा विद्यालयमा पुऱ्याउनु पर्ने योगदानको संयोजन गर्ने कार्य अनुसन्धानले गर्दछ ।

नैतिक सिद्धान्तको ज्ञान, पेशागत अभ्यास र नैतिक सिद्धान्त निर्माण दक्षता अभिवृद्धि आदिलाई नैतिक सिद्धान्त निर्माणमा शैक्षिक पेशागतहरुलाई सहयोग प्रदान गर्दछ । । यसैले गर्दा शिक्षकको पेशागत नैतिकतालाई मर्यादित तथा पेशा प्रतिको जिम्मेवारी वहन गराउन यस अध्ययनलाई अघि बढाइने छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको सामान्य उद्देश्य सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको आधारभूत पेशागत नैतिकताको पालना गर्ने व्यवहारिक अभ्यासको स्थिति पत्ता लगाउन रहेको थियो । यसका विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेका छन् :

क) शिक्षकहरुको पेशागत नैतिकताको व्यवहारिक अभ्यास खोजि गर्नु ,

ख) विद्यार्थीहरुको दृष्टिकोणमा शिक्षकहरुको पेशागत नैतिकतालाई पत्तालगाउनु ,

ग) शिक्षकको पेशागत नैतिकतालाई प्रभावकारी बनाउन प्रधानाध्यपकको भूमिका पत्ता लगाउनु,

घ) शिक्षकको पेशागत नैतिकताको सम्वन्धमा वि. व्य. स. तथा अभिभावकहरुको धारणालाई उजागर गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

अनुसन्धानमा राखिएको उद्देश्यलाई पूरा गर्नु तथा निष्कर्ष पत्ता लगाउन सरोकारवाला पक्षसंगको वास्तविकता लिनका लागि निम्नानुरुपका अनुसन्धानात्मक प्रश्नहरु मार्फत अगाडि वढियो :

क) शिक्षकको आधारभूत पेशागत नैतिकता पालना गर्न अभ्यस्त शिक्षकहरुको अवस्था कस्तो छ अथवा के छ ?

ख) विद्यार्थीहरुको दृष्टिकोणमा शिक्षकहरुले पालना गर्ने आधारभूत पेशागत नैतिकताको कार्यान्वयन कस्तो छ ?

ग) शिक्षकको पेशागत नैतिकतालाई कायम राख्न प्रधानाध्यपकको भूमिका कस्तो छ ?

घ) शिक्षकको आधारभूत पेशागत नैतिकताको विषयमा वि. व्य. स. तथा अभिभावकहरुको धारणा के छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको क्षेत्र भनेको नैतिक सिद्धान्तलाई शिक्षकको अनुभूति र तिनीहरुको धारणगत अवस्थालाई खोजी गर्नु हो । जसलाई पूरा गर्न शोधकर्ताको उद्देश्य प्राप्त स्रोत साधन एवम् समय समेतलाई मध्यनजर गरेर यो शोध अनुसन्धानको क्षेत्रलाई निम्न अनुअनुरुप सिमांकन गरिएको छ :

क) संखुवासभा जिल्लाको खाँदवारी नगरपालिका ,

ख) उक्त नगरपालीका भित्रका ३ बाट मा.वि.हरु ,

ग) प्रत्येक मा.वि.का प्र.अ.हरु ,

घ) हरेक मा.वि.का ४/४ जना शिक्षकहरु ,

ङ) प्रत्येक विद्यालयका ७/७ जना विद्यार्थीहरु ,

च) हरेक विद्यालयका वि.व्य.स.तथा अभिभाकहरु गरी ६ जना ,

छ) विशेषता शिक्षकको पेशाप्रतिको नैतिकता र व्यक्तिगत आचार संहितासंग सम्बन्धी,

माथि उल्लेखित पक्षहरुसंग प्रश्नावली भराई यो अध्ययन कार्य पुरा गरिनेछ। शिक्षकको पेशागत नैतिक सिद्धान्तसंग व्यापक अर्थ र क्षेत्र भएकाले यस अध्ययनमा पेशाप्रतिको नैतिकता, व्यक्तिगत आचर संहिता सम्बन्धमा मात्र सिमित रहने छ ।

## १.७ मुख्य शब्दहरुको परिभाषा

नैतिकता : व्यक्तिले गर्नहुने र नहुने वा सही र गल्तीसम्बधी एउटा मान्यता वा सिद्धान्त

योजना : विद्यालय सुधार योजना ।

दिगोसिकाइ : सिकाइ व्यावहारिक तथा उपयोगी सिकाइ ।

सरोकारवाला : विद्यालयमा प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध भएका व्यक्ति वा समूह।

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेख भएका व्यक्तिहरु ।

शिक्षण : सिकाइका लागि उत्प्रेरण, सल्लाह र निर्देशन ।

पेशा : विशिष्ट वौद्धिक अध्ययन र तालिममा आधारित सीपयुक्त कार्य ।

नैतिकता : आफ्नो पेशाप्रति उत्तर दायित्व वहन गर्ने, नैतिकवान ।

प्रयोग : वास्तविकता के हो भनी परीक्षण गरी हेर्नु ।

शिक्षक : विद्यालयमा विद्यार्थीलाई सिकाउने व्यक्ति ।

वि.व्य.स. : विद्यालयमा आर्थिक तथा भौतिक व्यवस्थापन गर्ने समिति ।

सहजिकरण : कार्यलाई सरल बनाउने ।

धारणा : विचार / आफ्नो मनमा लागेको कुरा ।

उत्तरदाहित्व : जिम्मेवारी वहन गर्ने ।

प्रजातान्त्रिक : आफ्नो विचारलाई स्वतन्त्ररुपमा व्यक्त गर्न पाउनु ।

भाइचारा : नजिकको, घनिष्ट/नजिकको आफ्नो ।

खोतल्नु : गहिराइमा पुग्नु ।

प्राथामिक स्रोत : अनुसन्धान कर्ता आफैले आफ्नो प्रयोजनका लागि संकलन गरेका तथ्याङ्क

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक संरचना

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

यस अनुसन्धान कार्यलाई अघि बढाउनको लागि सम्बन्धित विषय तथा यस क्षेत्रमा भएका  बिभिन्न लेख, रचना, प्रतिवेदन,पुस्तक, अनुसन्धान, शोध पत्र , जर्नल आदिको गहन अध्ययन गरिएको छ। जस अन्तरगत निम्नलिखित साहित्यहरुको पुनरावलोकन गरिएको छ।

क)  शिर्षक :  नेपाली समूदायीक विद्यालयहरुका शिक्षकहरुको नैतिकता

शोधकर्ता :  प्रकाशचन्द्र भट्टराई

शोधवर्ष :  सन् २०१०

प्रयोजन :  एम्.फिल. को आंशिक आवश्यकता परिपूर्ति गर्न

भट्टराई (२०१०) ले नेपालका शिक्षकहरुको नैतिकताको बारेमा अध्ययन गरिएको छ। यस अध्ययनले विभिन्न नीतिगत डकुमेन्टहरुको परीक्षण प्राधानाध्यापक, शिक्षक र विद्यार्थीहरुको अवधारणा र महत्वपूर्ण कार्यान्वयनका पक्षहरु साथै चुनौतिहरुको पहिचान गरेको छ। यस अध्ययनमा अन्तरवार्ता समूह छलफल जस्ता गुणात्मक अध्ययन विधिहरुको प्रयोग गरिएको छ। यसको सन्दर्श सामाग्रीको विश्लेषणअनुसार सरकार र शिक्षक यूनियन, शिक्षकहरुका संघ , संगठनहरुले विकसित गरेका शिक्षकका पेशागत आचारसंहिताहरुले पेशागत एकता तथा पेशाको सुरक्षामा जोड दिएको पाइन्छ। साथै सामग्रीहरुले कम्तीमा सम्बोधन गरिनु पर्ने नैतिकताहरुमा  जोड दिन सकेको छैन भन्ने तथ्यलाई उजागर गर्न खोजिएको छ।

शिक्षकको पेशागत नैतिकताको विषयमा सैद्धान्तिक रुपमा जुनसुकै कुराहरु लेखिएको भए पनि यसलाई व्यावहारिक रुपमा प्रयोग गरिएको पाइएन भन्ने कुरालाई यस अध्ययनले पत्तालगाएको छ। त्यस्तै गरी यी पेशागत नैतिकताहरु स्थानीय तहसँग सान्दर्भिक नभएको भन्ने कुरालाई उल्लेख गरेको पाइयो। त्यसकारण पेशागत नैतिकताको नीतिगत विकास गर्नको लागि संम्वेनशील र सहभागीताबाट सरोकारवालाहरुसंग छलफल अन्तरक्रिया गरेर विकसित गरिनु पर्छ भन्ने कुरामा जोड दिएको छ।

यो अध्ययन अनुसन्धान कर्ताले काभ्रे जिल्लाको धुलिखेलमा अवस्थित दुईवटा सामुदायिक माध्यमिक विद्यालयहरुलाई आधार मानी अनुसन्धान गरेको पाइयो । शोधकर्ताले सामुदायिक विद्यालयहरुको शिक्षकहरुको नैतिकताको बारेमा सैद्धान्तिक पक्ष र यसका कार्यन्वयका पक्षलाई नितान्त रुपमा गुणात्मक विधिबाट मात्र अध्ययन गरिएको पाइयो । तसर्थ यस सन्दर्भ सामान्यीकरण गर्न सकिदैन । साथै यस अध्ययनले स्थानीय तहसंगको नैतिक आचरणको सान्दर्भिकता नभएको कुरा पत्तालगायो तर मेरो अध्ययन परिणात्मक पनि भएको हुनाले यसबाट आएको प्राप्तिहरुलाई सामान्यीकरण गर्न सकिन्छ । यस अनुसन्धानमा प्र.अ., शिक्षक र विद्यार्थीहरुको अवधारणामात्र लिएको पाइयो तर मेरो अध्ययनले वि.व्य.स. तथा अभिभावक समेतको अवधारणालाई समेटिएको छ । मेरो अध्ययनमा विभिन्न सरोकारवालाहरुको दृष्किोण लगायत शिक्षक स्वंयमको लागि के कस्तो रहेको छ भनेर पत्ता लगाउने कोशिश गरिएको छ ।

ख) शोध शिर्षक : भोजपुर जिल्ला प्याउली स्रोतकेन्द्रका विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण र कार्यान्यनको अवस्था

शोधकर्ता : भवानी श्रेष्ठ

शोध वर्ष : २०६८

पेश भएको स्थान : वरुण बहुमुखी क्याम्पस, खाँदवारी

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह द्धितिय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि यो भोजपुर जिल्ला प्याउली स्रोतकेन्द्रको विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको अवस्था विषयमा शोधकर्ताले अनुसन्धान अध्ययन हो । शोधकर्ता शोध पत्रको ढाँचामा रही भोजपुर जिल्लाको प्याउली स्रोतकेन्द्रका १० वटा विद्यालयबाट विद्यालय शिक्षाका सरोकारवालाहरु विद्यार्थी, वि.व्य.स. का अध्यक्ष, गा.शि.स. का अध्यक्ष, प्र.अ. एवं स्रोतव्यक्ति अध्ययनको नमूनाको रुपमा लिई परिणत्मक तथा गुणात्मक दुवै विधि प्रयोग गरि अनुसन्धान गरिएको छ । यस अध्ययनबाट योजना निर्माण र कार्यान्वयनमा आइपरेका समस्याको समाधानमा सरोकारवालाहरुलाई जिम्मेवार बनाई शैक्षिक गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरी निष्कर्ष र सुझाब शोधकर्ताले दिनु भएको छ । योजना निर्माण र कार्यान्वयनको अवस्था त्यसमा सरोकारवालाहरुको भूमिका विश्लेषण गरी योजना निर्माण र कार्यान्वयनको समस्याको समाधानका

उपायहरु समेत प्रस्तुत गर्ने उद्देश्य रहेको यस अध्ययनले योजना निर्माणको अवस्था कस्तो छ ? के कस्ता स्रोतहरु परिचालन भएको छन् ? समस्याहरु के के छन् ? ती समस्याका समाधानका उपायहरु के के हुन सक्छन् जस्ता प्रश्नहरुका उत्तर खोजी निष्कर्षमा पुग्ने कोशिश गरिएको छ ।

अनुसन्धानलाई अघि बढाउन विषयसंग सम्बन्धित शोधकार्य, दस्तावेज, प्रतिवेदनको समेत अध्ययन गरिएको छ । प्रश्नावली, अन्तर्वार्ता, अभिलेख अध्ययन एवं अवलोकनलाई तथ्यांक संकलनको साधनको रुपमा प्रयोग गरिएको छ । प्राप्त भएका तथ्यांकलाई विषयवस्तुको आधारमा विद्यालय सुधार योजनाको आवश्यकता, निर्माणको स्थिति, कार्यान्वयनको स्थिति र निर्माण एवं र कार्यान्वयनका लागि सुझाव सम्बन्धी गरी ४ वटा पक्षमा विभाजन गरी गुणात्मक रुपमा तथ्यांकलाई विश्लेषण गरिएको छ ।

अध्ययनको क्रममा विद्यालय सुधार योजना सबै विद्यालयले निर्माण गरी कार्यान्वयनमा ल्याएको भएतापनि सम्बन्धित निकायहरुमा समन्वयनको कमी रहेको निष्कर्षमा शोधकर्ता पुग्नु भएको छ । सरोकारवालाहरुको सक्रियतामा कमी, प्रर्याप्त आर्थिक स्रोत नहुनु, जिम्मेवारीबाट पन्छिनु, अनुगमन एवं मूल्यांकनको अभाव जस्ता प्रमुख समस्याहरु शोधकर्ता श्रेष्ठले देखाउनु भएको छ ।  यसको लागि सम्बन्धित निकायले समय सापेक्ष योजना निर्माण ढाँचाको विकास गरी दक्ष जनशक्तिको व्यवस्था गर्ने, गाउँ शिक्षा समितिलाई सक्रिय बनाउने, व्यवहारिक रुप मानै सम्बन्धित पक्षहरु लाग्नु पर्ने र विद्यालयलाई राजनीतिक हस्तक्षेप, वन्दहड्तावाट मुक्त बनाउनु पर्ने,  पर्याप्त आर्थिक स्रोत जुटाउनु पर्ने, विद्यालय स्तरमा नै तालिम, छलफल तथा अन्तरक्रियाको आयोजना गर्ने, शिक्षक, विद्यार्थी नियमितता गर्ने शैक्षिक सामग्री सहितको शिक्षण गर्ने एवं प्रभावकारी अनुगमन एवंम मूल्यांकन गर्ने सुझाब सहितको निष्कर्ष निकालिएको छ ।

यस अनुसन्धानबाट परिणात्मक र गुणात्मक दुबै विधिको आधारबाट के कसरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको रहेछ सोको लागि यस अनुसन्धानलाई पुनरावलोकन गरेको हो । त्यस्तै लेखन ढाँचालाई पनि के कसरी लेख्नु पर्ने हो सोको लागि पनि यसलाई आधार लिनलाई पुनरावलोकन गरेको हो । जुनसुकै राम्रो कार्य योजना ल्याए तापनि त्यसलाई सफल पार्ने कार्य शिक्षा क्षेत्रमा शिक्षकको महत्व पूर्ण हात रहेको हुन्छ । तसर्थ ती शिक्षकहरुको पेशागत नैतिकता कस्तो रहेको त

? यसको अध्ययनको एउटा महत्वपूर्ण पाटो बाँकी रहेकोले सोको अध्ययन मेरो अनुसन्धानमा रहेकोछ ।

ग) जर्नल शिर्षक : Professional Ethic and Teacher Educationt

सोध वर्ष : २००९ इ. स.

ठेगाना : Faculty of Psychology and Educational Sciences of the Unioversity of Lisbon

Catano र Silva (2009) ले पेशागत नैतिकता र शिक्षक शिक्षाको बारेमा अध्ययन गरेको छन् । उक्त अध्ययनमा ३६ जना शिक्षकहरुलाई समावेश गरिएको थियो । यो गुणात्मक अध्ययन विधिबाट अनुसन्धान गरी अनुसन्धानकार द्धय निष्कर्षमा पुगेका छन् । शिक्षकहरुको नैतिक र भौतिक सोचाईको अनुसन्धान गरिएको छ । जसले पेशागत मर्यादा र नैतिकताका मुद्धाहरुमा ध्यान दिएर अनुसन्धान गरेका छन् । यस अनुसन्धानका कममा विभिन्न तहमा काम गर्ने ३६ जना शिक्षकहरुलाई छनौट गरी अन्तरवार्तावाट प्राप्त तथ्याङ्कलाई आधार मानी गुणात्मक विधिवाट विश्लेषण गरिएको छ । शिक्षकहरुबाट लिएको अन्तरवार्तामा पेशागत मर्यादा र तालिमका मुद्धाहरुमा ध्यान केन्द्रित गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

यस अनुसन्धानमा शिक्षकका मूल रुपमा व्यक्तिगत र व्यावसायिक अवधारणा अन्तरगत शैक्षिक नियमावली , नैतिक आचरण र मर्यादाका पक्षहरुसँग सम्बन्धित शिक्षकका पेशागत मर्यादाका बिभिन्न आयमहरुसँग सम्बन्धित केही पक्षहरुको पहिचान गरेका छन् ।
प्राप्त विवरणहरुको गुणत्मक विश्लेषण र वर्तमान समस्याका कारण तथा पेशागत मर्यादाको तालिमका लागि सोचिनु पर्ने दृष्टिकोण र रणनीतिहरुको बारेमा प्रकाश पारेका छन् ।
यस अध्ययनमा शिक्षकको पेशागत नैतिकता सम्बन्धमा शिक्षकलाई मात्र अध्ययनको आधार मानिएको छ । तर मेरो अध्ययनमा शिक्षक, विद्यार्थी, प्र. अ., वि. व्या. स. तथा अभिभावकहरुलाई समेत प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ । यस अनुसन्धानमा गुणात्मक विधिवाट मात्र अनुसन्धानलाई अगाडि बढाएको छ । तर मेरो अध्ययन गुणात्मक र परिणात्मक दुवै विधिवाट अनुसन्धानलाई निष्कर्षमा पु-याएको छु । यस लेखमा तालिमको माध्यमबाट शिक्षकको पेशागत नैतिकतालाई अनुशासित मर्यादित बनाउनु पर्छ भन्ने कुरालाई जोड

दिएको छ । के शिक्षकको पेशागत मर्यादालाई तालिमको माध्यमवाट मर्यादित बनाउन सकिन्छ या अन्य विधि छ यसका खोजी मेरो अध्ययनमा रहेको छ ।

## २.२ सैद्धान्तिक संरचना

यस अध्ययनलाई पूरा गर्नको लागि यस अध्ययनका समस्यासंग सम्बन्धित सैद्धान्तिक ज्ञानहरुलाई प्रयोग गरिएको छ । यसैगरी अध्ययनलाई पुरा गर्न मास्लोको आवश्यकताको क्रमवद्धताको सिद्धान्तलाई आधर मानी विशेषता सामाजिक, अहम् वा स्वाभिमान र आत्म गौरवको आवश्यकताको सिद्धान्तलाई आधार मानि अनुसन्धान कार्यलाई अघि वढाइएको छु । यसका अतिरिक्त शिक्षकले अपनाउनु पर्ने नियम , प्रयोग र नैतिक सिद्धान्तका अवधारणाहरुलाई सैद्धान्तिक रुपमा रहेका विभिन्न धारणहरुलाई व्याख्याको रुपमा प्रस्तुत गरेको छु । जसअनुरुप शोध पत्रमा निम्न अवधारणहरुलाई विस्तृतरुपमा उल्लेख गरेकोछु :-

अ) नैतिक सिद्धान्तको अवधारण

नैतिक सिद्धान्तको अवधारणमा ( Cranston, Ehrich and Kimber, 2006) ले "नैतिक सिद्धान्तलाई हामी कसरी बाच्छौं र व्यवहारिक जीवन जिउछौ भन्ने कुरालाई मान्दछन्" ( p. 107 ) । केही विद्वानहरु त नैतिक मूल्य र मान्यतालाई नै नैतिक सिद्धान्त मान्न तयार छन् । नैतिक सिद्धान्तलाई नैतिक मूल्यको अध्ययनको रुपमा पनि लिइन्छ । नैतिक मूल्यलाई कसरी यसको वर्गीकरण गर्ने , सैद्धान्तिक स्पष्टताको प्राथमिकीकरण र तिनीहरुको आपसी सम्बन्धका बारेमा सोच्नु नै उपयुक्त हुन्छ । नैतिक सिद्धान्तलाई कार्य र मूल्यसंग सम्बन्धित खराब आचरण र असल तत्वहरुको पूर्ण अध्ययन हो भन्ने कुरा (Barry, 1985, P. 5) ले नैतिकता र मूल्यमान्यताका सिद्धान्तसंग सम्बन्ध देखाएका छन् । नैतिक सिद्धान्तलाई कहिलेकाही नैतिकतासंग पनि पर्यायवाचीको रुपमा प्रयोग गरिन्छ । त्यसैले नैतिक सिद्धान्तलाई नैतिकतासंग प्रयोग गरिनु सान्दर्भिक रहन्छ । नैतिकताले आफै व्यक्तिगत आचरण जनाउछ र नैतिक सिद्धान्तले नैतिक आचरण वा कुनै एकले अबलम्वन गर्ने धारणाको अध्ययनलाई अंकित गर्दछ ।

आ) शिक्षकका पेशागत नैतिक सिद्धान्त

शिक्षकले विद्यालयमा दैनिक हुने क्रियाकलापहरुमा उच्च नैतिकताको प्रस्तुतिको अपेक्षा गरिन्छ । ( Benning ,2003 ) र त्यस्तै (Wynne ,1995) का अनुसार शिक्षकले निम्न अनुसारका आफ्नो पेशागत मूल्यमान्यता प्रदशर्न गर्नु पर्छ भनेका छन् :

(क) आफ्नो काममा नियमित तथा ठीक समयमा उस्थिती भएर,

(ख) आफ्नो विधार्थीको विविध पक्षको अध्ययन गरेर,

(ग) आफ्नो पठनपाठन गर्ने विषय राम्रोसँग योजना बनाई कार्यान्वयन गरेर,

(घ) आफ्नो अध्यपन गर्ने अभ्यासलाई तथा विधिलाई नियमित रुपले आवश्यकता अनुसार परिमार्जन गरेर,

(ङ) विद्यालयका छात्र/छात्रा तथा उनीहरुका अभिभावकहरुसँग आवश्यकता अनुसार समन्वय गरेर,

(च) आफ्ना सहकर्मीहरुसँग समन्वय गरेर,

(छ) विद्यालय संचालनका नीतिहरुको अध्ययन अवलोकन गरेर ।

यी माथि उल्लेखित कुराहरु एक नैतिवान शिक्षकले गर्नु पर्ने हुन्छ । जसबाट कुनै एक शिक्षण सस्थाले राम्रोसँग कार्य गर्न सक्दछ । उसले सस्था प्रतिको खराब नीतिहरुको रचनात्मक आलोचना गर्न र रचनात्मक सुधारमा जोड दिनु पर्छ । यसको अतिरिक्त शिक्षकले आफ्नो बोलीको प्रयोग प्रति पनि सचेत हुनु पर्छ । "शिक्षकको मनोवैज्ञानिक , सामाजिक, भाषिक तथा शारीरिक पक्षका बारेमा धेरै प्रश्नहरु पनि उठी रहन्छन्" (Arril, 2007,p.191 ) .

(Tooley, 2004 ) सँग पनि यस्तै प्रकारका भारतीय सरकारी विद्यालयहरुको अनुभव रहेको छ । वहाँले सरकारी विदालयका शिक्षकहरुमा केही नैतिक समस्याहरु देखाउनु भएकोछ । जस्तै :- "शिक्षक विद्यालयको काम विना विद्यालय छाडेर हिड्ने , तल्लो स्तरको शिक्षण सिकाइ क्रियाकलाप गर्ने, अनैतिक क्रियाकलापहरुका साथै जाड रक्सी खाने वानी व्यहोरा हुन्छन्" (p.6) त्यस्तै "प्र.अ. ले आफ्ना विद्यार्थीलाई नानीको हेरबिचार गर्ने कामदेखि लिएर सबै घरायसी काम गर्न लगाउन सक्छन्" (Tooley, ibid) . Tooly ले सरकारी विद्यालयका शिक्षकमा धेरै जसो मिल्ने गुणहरु पत्तालगाउनु भएको छ , जस्तै शिक्षकहरु विद्यालयमा सुत्ने , प्र. अ. हप्ताको एक दिन मात्र विद्यालयमा आउने , शिक्षकले पूरा समय काम नगर्ने , प्रशासकले राम्रो व्यवहार प्रदर्शन नगर्ने जस्ता राज्यद्वारा अनुदान दिइएका विद्यालयहरुका केहि विशेषताहरुलाई औल्याँउछन् । (Tooley,PP. 5-7) ।

इ) शिक्षकका आचार संहिता

नैतिकता विद्यालयमा हुने आचार संहिता तथा नीति नियमहरुको समष्टिगत रुप हो । नैतिकताको आचार संहिता तथा नीति नियमहरुले व्यक्तिको दैनिक व्यवहारलाई निर्देशित र नियन्त्रणमा नियमितता प्रदान गर्दछ । साथै व्यक्तिलाई समाजमा व्यवस्थापन गर्ने काममा योगदान पुऱ्याउछ । नैतिक सिद्धान्तका नीति नियमले पेशागत व्यक्तित्व र समाज बीच सम्बन्ध स्थापना गर्ने काममा निश्चित महत्वपूर्ण भूमिका खेल्दछ । (Heymans Avend and Gastmans, 2007) का अनुसार नैतिक नीति नियम एउटा औपचारिक कागजात वा नियम हो जसले "रोजगारी गर्ने व्यक्तिको पूर्ण पहिचान र विद्यालयमा नैतिक सिद्धान्तका सवालका व्यवस्थापन गर्न विकसित गरिएका हुन्छन । शैक्षिक जगतमा प्रयोग हुने शिक्षकका ज्ञान, सीप र दक्षतालाई परिभाषित गर्न जहीतही नैतिक सिद्धान्तको विकास गरिएको हुन्छ । परीक्षाद्वारा निर्धारित तहले शिक्षकका जटिल र फरक प्रकृतिका कामलाई सहयोग, सम्पादन र प्रचलनमा ल्याउछ" (p.157) । यस्ता नियमले विद्यालयको नैतिक सिद्धान्तलाई नियन्त्रण गर्दछ । (Bernstein and Hart sell, 2000) का अनुसार यस्ता प्रकारका आचारसंहितासंग नैतिक सिद्धान्तहरु हुन्छन् र यी नैतिक सिद्धान्तले पेशागत व्यक्तिको आत्मसाथ गरेका विधि र नीतिलाई निर्देशित गर्दछन् (p.3) । (Stewart,2006) संग शिक्षकका दैनिक व्यवहारहरु छ (६) भागमा विभाजन गर्ने दृष्टिकोण छ  पिउने, नसालिने, अल्लारेपन, बेइमानी सम्बन्धी चरित्र यौन (बाल यौन), सम्बन्धी केटाकेटीमा भएको यौन दुर्व्यहार, वैवाहिक सम्बन्ध भन्दा बाहिर भएको यौन क्रियाकलाप, लैङ्गिक उदासिनता, यौनकरणी अनाधिकृत, शैक्षिक कृयाकलाप , विवादास्पद विषयवस्तुको अनाधिकृत शिक्षण, अनाधिकृत वस्तु र रणनीतिको प्रयोग ,नागरिकसँग नीतिगत विवाद, राजनैतिक संघ संगठनसँग सम्बन्धता, अपराधिक व्यवहार जस्ता क्रियाकलाप गरेमा शिक्षकको पेशागत नैतिकता मानिदैन (p .350.)  । धार्मिक अपहेलनाका कारण विद्यालयमा धार्मिक विश्वासमा अपहेलित हुन्छन । अरु थप नेपालको सन्दर्भमा शैक्षिक पेशागत सम्बन्धित धेरै नैतिक सिद्धान्तहरु प्रायजसो हामी भेट्ने गर्दछौ । यी स्वीकार्य सामाजिक मान्यताहरु दुई प्रकारका छन् ।

(i) नैतिक सिद्धान्तमा जस्तै इमान्दारीता, अनुशासित उदाहरणहरुको लागि विद्यार्थीको अगाडि र सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान नगर्ने, विद्यालयमा आधारित र सफा लुगा लगाउने, लैङ्गिक सम्मान गर्ने, नियमिततालाई ध्यान दिने आदि प्रथम प्रकारमा पर्दछन् ।

(ii) दोस्रो प्रकारका नैतिक सिद्धान्तमा निरन्तर सिकाइ, काममा अन्य सहकर्मी शिक्षकसंगको समन्वय र प्रशासनिक आज्ञापालन जस्ता नैतिक सिद्धान्तमा पर्दछन् ।

यी मान्यताहरु विद्यालयमा पाइन्छन् र यी मान्यतालाई एक पिडीबाट अर्को पिडीमा प्रसारित हुने विश्वास गरिन्छ र सहजकर्ताको हैसियतले शिक्षकले गलत सूचना प्रसार गर्नु पनि हुँदैन।

ई) नेपालमा शिक्षकका आचार संहिता

नेपालको सामाजिक, राजनैतिक परिवेशमा शिक्षकलाई नागरिक कामदारको रुपमा लिइन्छ र सार्वजानिक सेवा सुचारुका निमित्त विभिन्न कार्यहरुलाई उद्देश्य प्राप्तिका निम्ति संवाहक वन्नु पर्दछ । शिक्षक सार्वजानिक व्यक्ति भएकोमा आफ्ना सेवा प्रदानमा आचार संहिताले बन्धित बनिएका हुन्छन् । यस्ता नीति नियमले कार्य क्षेत्र भित्र वा बाहिर हुने व्यक्तिगत आचरण र नैतिक सिद्धान्तको मान्यता बोकेका हुन्छन् । कानुनको आदर, शासन प्रक्रिया, व्यक्तिगत सत्कार, सामुहिक भावना, सावधानी र आर्थिक व्यवहारले शिक्षकको पेशागत नैतिकतालाई उच्च राख्दछ । जे भए तापनि सार्वजानिक सेवामा शिक्षकको उपस्थिति हुदाको समयमा शिक्षकले आफ्नो आचर संहिताको नैतिकतामा रहनु पर्छ । कार्यरत शिक्षकको सम्पूर्ण सवालहरुलाई मूल्याङ्कन गर्ने उद्देश्य अनुरुप कार्य सम्पादन गर्न निश्चित संयन्त्रको माताहतमा रही शिक्षक सेवा आयोगको स्थापना भएको छ । जसले असल चरित्र भएको व्यक्तिलाई शिक्षकको रुपमा नियुक्ति गर्ने काम गर्दछ । कानुनको अपहेलना गर्ने, खराब काम गर्ने शिक्षकलाई जागिरबाट अधिराज्यबाटै निकालिदिने अधिकार बोकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्ने गर्दछ । अ.दु.अ.आ शिक्षकका खराब र असल पक्षसंग अनुसन्धान गर्न आधिकारिक अख्तियारी रहेको छ । अ.दु.अ.आ ले तयार गरेको प्रतिवेदनवाट कुनै शिक्षकको बारेमा पेशागत अनैतिक कार्य गरेमा पेशाबाट निकाल गर्ने तलव भक्ता रोक्का गर्ने कार्य गर्दछ । शैक्षिक नियमवालीको ७ औ धाराले शिक्षकका आचारसंहिता सम्बन्धी व्यवस्था गरेको छ ।

नीतिगतरुपले शिक्षक एक आदर्श व्यक्ति हो । जसले गर्दा उसले विद्यार्थीमा सकारात्मक सोचको निर्माण गर्न सक्छन् । शैक्षिक नियमावलीले शिक्षकको पेशागत नैतिकताको बारेमा स्पष्ट उल्लेख गरेको छ । शिक्षकले शैक्षिक नियममा निर्देशित कार्य अनिवार्य गर्नुपर्छ । त्यो मान्यताले शिक्षकका निर्देशित कार्य असल शिक्षकले अनुसरण गर्नु पर्दछ । (GON, 2002, PP.120-122)

ङ) शिक्षकको नैतिक सिद्धान्तका अवरोधहरु

James Rest ले प्रतिपादन गरेका विश्लेषणका चार तत्वहरु नैतिक सिद्धान्तको नीतिनिर्माण र व्यवहार निश्चित ढाँचामा अनुसन्धान गर्न प्रयोग गरिन्छ, जसले नैतिक सचेतना, नैतिक न्याय,

नैतिक आकर्षण र नैतिक व्यवहारहरु हुन् (Rest, 1986)। त्यस्तै (Trevino,Weaver $ Reynolds,2006) मा भने अनुसार तिनीहरुले सामान्य अभ्यासहरुको प्रयास गर्दछ र नयाँ सिद्धान्त र तार्किक अनुसन्धान जसले ति प्रक्रियामा व्यक्तिगत र पारिस्थितिक असरलाई विचार पुऱ्याउछ। अनुसन्धान कर्ताहरुले सम्बोधन गरेका केही अनुसन्धान सांगठनिक विज्ञान भन्दा नैतिक विज्ञान मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिन्छ (p. 953)। जे भए पनि तिनीहरुका अनुसन्धान उन्मुख अभिलेखहरुले सांगठानिक परिवेशमा सामान्य अनुसन्धानसंग सांगठानिक व्यवहारमा थप विकसित अवस्थामा पु-याउन सहयोग गर्दछ। यसले शिक्षकहरु पेशागत अनैतिकता के कारणले हुन्छन् भन्ने कुराको पूर्ण जानकारी दिन सहयोग गर्दछ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

कुनै पनि अध्ययन अनुसन्धान कार्य थाल्नु भन्दा पहिले त्यस क्षेत्रमा विगतमा के कस्ता समस्याहरुको अध्ययन अनुसन्धान गरिए त्यसको अध्ययन गरिनु जरुरी हुन्छ। सम्वन्धित साहित्यको समीक्षाले अनुसन्धान कर्तालाई उक्त क्षेत्रमा के कस्ता खोज अनुसन्धान भएका छन् , त्यस्ता अनुसन्धानहरुको जानकारी हुनु पर्ने हुन्छ र त्यस खोजको विषयमा हालसम्म अनुसन्धान नभएको क्षेत्र तथा विषय छनौट गर्न सहयोग गर्दछ। सम्वन्धित साहित्यको पुनरावलोकनले अनुसन्धान गरिएको विषय क्षेत्र र अनुसन्धान नगरिएको क्षेत्र र विषय वीचको दूरी पहिचान गर्न सहयोग गर्नुका साथै विगतमा गरिएका अनुसन्धान दोहोरिने स्थिति आउन नदिन सहयोग गर्दछ। शोधकार्य गर्दा शोधको विषयसँगको सम्वन्धित साहित्यको पुनरावलोकन गर्दा , समीक्षा गर्दा त्यसलाई आधार विन्दु मानी अनुसन्धान कार्य अगाडि वढाउँदा उपयुक्त हुने , शोध कार्यलाई वास्तविकता र प्रमाणिकता प्रदान गर्न , समस्यालाई वढी सार्थक र खोजमुलक बनाउन सहयोग पुग्दछ। त्यसै अनुरुप मैले पनि माथि उल्लेखित सान्दर्भिक लेख अनुसन्धान र विभिन्न विद्धनद्धरा प्रतिपादित सिद्धान्तहरुलाई उल्लेख गरी मेरो अनुसन्धानको लागि उपयोग गरेको छु।

# परिच्छेद तीन :

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनले परिमाणात्मक तथा गुणात्मक दुवै विचारहरु समेट्ने भएकोले यी पक्षहरुको दार्शनिक आधारहरुको उल्लेख गर्न सान्दर्भिक देखिन्छ । परिमाणात्मक वैचारिक स्कूल अनुसार ज्ञान वस्तुगत रुपमा अवस्थित हुन्छ । तर गुणात्मक वैचारिक स्कूल अनुसार ज्ञान विषयगत रुपमा वहु आयमिक रुपमा रहेको हुन्छ । तसर्थ यस अध्ययनले दुवै विचारहरुलाई आत्मसाथ गरेको छ । ती अवस्थितिमा रहेका ज्ञानहरुलाई यस अध्ययनले वन्द प्रश्नावली तथा खुला प्रश्नवलीबाट अनुशन्धान सहभागीहरुसँगको अन्तरकृया तथा अन्तर्वार्ताको माध्यमद्धारा खोज्ने प्रयास गरिएको छ । यस्तो ज्ञान प्राप्त गर्ने प्रकृयामा मेरो आफ्नो र सहभागीहरुको मूल्य तथा मान्यतालाई ख्याल गर्ने प्रयास पनि गरिएको छ ।

माथि उल्लेखित दार्शनिक आधारमा रहेर यस अनुसन्धानले शिक्षकको पेशागत नैतिकताको अध्ययनको लागि अनुसन्धानको कार्यमा प्रश्नावली तथा अन्तवार्ताबाट तथ्याङ्क संकलन गरी परिणात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरी " मिश्रित विधिवाट " (Creswell , 2003,p.208) अनुसन्धानलाई अगाडि वढाइएको छ । त्यसका लागि निम्न अनुसारका विधिहरु अपनाईएका छन् ।

## ३.२ जनसंख्या र नमूना

(क) जनसंख्या

यस अध्ययनमा संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरु, प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा अभिभावकहरु यस अध्ययनको जनसंख्या रुपमा लिइएको थियो ।

(ख) नमुना

नमूना छनौट गर्नुको प्रमुख उद्देश्य उल्लेखित जनसंख्याको प्रतिनिधित्व गर्नु हो । माथि उल्लेखित जनसंख्या मध्ये र्‍यानडम स्याम्पलिङ्ग विधि (भाग्गे जोग्गे विधि) प्रयोग गरी ३ वटा माध्यमिक विद्यालयवाट ३ जना प्रधनाध्यापक, ६ जना विद्यालय व्यवस्थापन समिति सदस्यहरु तथा अभिभावक, १२ जना शिक्षकहरु र २१ जना विद्यार्थीहरु उत्तरदाताको रुपमा नमूना छनौट गरिएको थियो ।

## ३.३ तथ्याङ्क संङ्कलनका साधन

यस अध्ययनको प्रथम परिच्छेदमा उल्लेखित प्रत्येक अनुसन्धानात्मक प्रश्नहरुलाई सम्बोधन गर्नको लागि सर्वप्रथम छुट्टा छुट्टै प्रश्नावलीहरु निर्माण गरिएको थियो । ती प्रश्नावलीहरुलाई सर्वप्रथम पाईलट परिक्षण गरी आवश्यक परिमार्जन गरियो । साथै यस अध्ययनका सुपरिवेक्षक द्धारा प्राप्त सुझावहरुलाई पनि मध्यनजर राखी प्रश्नावलीलाई अन्तिम रुप दिईएको थियो । जस अनुरुप :-

क) प्रश्नावली फाराम,

ख) अन्तरवार्ता सूची,

## ३.४ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनको जानकारी प्राप्त गर्ने प्रमुख स्रोतको रुपमा नमुना छनौटमा परेका सामुदायिक विद्यालयका शिक्षकहरु, प्रधानाध्यपकहरु, व्यवस्थापन समितिका सदस्यहरु तथा अभिभाकहरु, तथा विद्यार्थीहरु रहेका थिए । तसर्थ यो अध्ययन पूर्णतय प्रथामिक स्रोतमा आधारित भएर गरिएको अनुसन्धान हो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

सर्वप्रथम उत्तरकर्ताहरुलाई यो अध्ययन किन र केका लागि भन्ने विषयमा पूर्ण जानकारी दिएर अर्थात यसका उद्देश्यहरु जानकारी गराएर र उत्तरकर्ताको स्वीकृती लिएर मात्र प्रश्नावलीहरु भर्न लगाईयो । यस अध्ययनमा प्रथामिक स्रोत अन्तर्गत तथ्याङ्क संङ्कलन गर्दा अध्ययन गरिने

विद्यालयसंग स्वीकृत लिई नमूना छनौटमा उल्लेखित एकाईहरुसंग छलफल, प्रश्नावली र अन्तरर्वार्ता फाराम भराउन आफै उपस्थित भई तथ्याङ्क संङ्कलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्कको विश्लेषण मिश्रित विधिवाट गरिएको छ । सबै उत्तरदाताहरुवाट प्राप्त धारणा वा जवाफ तथा प्रश्नावली फारमवाट प्राप्त सूचानालाई तालिकावद्ध गरेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ । आवश्यकता अनुसार सबैको अवधारणात्मक मान्यतालाई चार्टमा प्रस्तुत गरिएको छ । त्यस्तैगरी गुणात्मक तथ्यांकलाई ट्रान्स्कृप्सन निर्माण गरेर त्यसवाट शीर्षक निर्माण गरी विश्लेषण गरिएको छ । यसका अतिरिक्त अनुसन्धानको विश्लेषण मार्फत आएका निष्कर्षहरुलाई विभिन्न सिद्धान्तको दृष्टिकोणहरुवाट हेर्ने कोसिस गरिएको छ । अनुसन्धानमा नमिल्ने तथ्यको नकरात्मक विश्लेषण तथ्यलाई विचार पुऱ्याइएको छ । समान्यतय यस अध्ययनमा परिमाणात्मक तथा गुणात्मक तथ्यांकलाई ट्रयाङगुलेसन गर्ने प्रयत्न गरिएको छ ।

# परिच्छेद चार :

# नतिजा विश्लेषण

यस अध्ययनमा अनुसन्धानात्मक प्रश्नहरुको आधारमा बनाईएको प्रश्नावलीहरु मार्फत आएका तथ्यांङ्क तथा सूचना वा जानकारीहरुलाई चारभागमा विभक्त गरी छुट्टाछुट्टै रुपमाबाट व्याख्या एंवम् विश्लेषण गरिएको छ । ती क्षेत्रहरुमा पेशागत नैतिकताको विषयमा शिक्षक स्वंयमको आत्ममूल्याङ्कनको विश्लेषण, विद्यार्थीको दृष्टिकोणमा शिक्षकको पेशागत नैतिकता, शिक्षकको पेशागत नैतिकता कायम गर्न प्र.अ. को भूमिका र उक्त पेशागत नैतिकतामा वि.व्या.स. पदाधिकारी तथा अभिभावकहरुको अवधारणाको विश्लेषण रहेका छन् ।

## ४.१ पेशागत नैतिकताको विषयमा शिक्षक स्वयंको आत्ममुल्यांकनको विश्लेषण

यस अध्ययनको विशेषता शिक्षकको पेशागत नैतिकतालाई परिमाणात्मक तथा गुणात्मक दुवै विधि द्धारा विश्लेषण गरिने भएको हुनाले पेशागत नैतिकताको अवस्थालाई परिणात्म तथ्याङ्क मार्फत विश्लेषण गर्ने कोशिश गरिएको छ भने उक्त विषयलाई गुणात्मक विधिबाट पनि हेरिएको छ ती निम्न अनुसार छन् :

### ४.१.१ पेशागत नैतिकताको अवस्था

शिक्षकको पेशागत नैतिताको अवस्था पत्ता लगाउन १२ (बाह्र) जना सामदायिक विद्यालयको शिक्षकहरुद्धारा प्राप्त जानकारीलाई निम्न लिखित तालिका मार्फत विश्लेषण गरिएको छ :

तालिका नं १

| शिर्षक | लिखित रुपमा | दिमागी रुपमा | निर्माण गर्दिन |
|---|---|---|---|
| पाठयोजना निर्माण | – | १००% | – |
| | कहिलेकाही | सधैँ | नगर्ने |
| मुल्यांकन रपृष्ठपोषण | ६७% | ३३% | – |
| | गर्छु | गर्दिन | थाहा छैन |
| कार्यमूलकअनुसन्धान | ८४% | ८% | ८% |
| | तलवभत्ता पकाउन | दायित्व वोध गर्ने | पढाउने मात्र |
| नियमित हाजिर भई शिक्षण गर्नु | – | १००% | – |
| | गर्छु | गर्दिन | चाडपर्व/भोजभतेर |
| धुम्रपान तथा मध्यपान | १७% | ६६% | १७% |
| | छु | छैन | |
| आचर संहिताको अध्ययन गरेको | १००% | – | – |
| राजनैतिक दलको सदस्यता लिएको | २५% | ७५% | – |
| | सारै थोरै | थोरै | धेरै |
| पेशागत संगठनमा संलग्नता | ८% | ९२% | – |
| | ठान्छु | ठान्दिन | |
| पेशाप्रतिको सन्तुष्टि | १७% | ८३% | – |

स्रोत :- अध्ययन सर्वेक्षण

माथिको विश्लेषण तालिकाको आधारमा यो भन्न सकिन्छ कि कक्षाकोठामा प्रवेश गर्नु अघि शतप्रतिशत सामुदायिक विद्यालयका शिक्षकहरुले दिमागी रुप मात्र पाठयोजनाको तयारीमा शिक्षण गर्ने कुरा देखियो । (शर्मा, शर्मा, २०६४) अनुसार “पाठयोजना शिक्षकको गहना हो

किनभने कुनै पनि शिक्षकलाई आफूले पढाउने पाठप्रति सजग र सतर्क बनाई सफल शिक्षक बनाउन पाठ्योजनाले सहयोग गर्दछ । कुनै पनि व्यक्ति विनायोजना कक्षाभित्र प्रवेश गर्नुहुँदैन । यदि बिनायोजना कक्षाभित्र कोही पनि प्रवेश गर्दछ भने उसले के पढाउने, कसरी पढाउने र कति पढाउने निधो गर्न नै सक्दैन । यति मात्र होइन केका लागि पढाउने कुरा (उद्देश्य प्राप्तिका लागि) समेत शिक्षकलाई थाहा हुँदैन । यसप्रकार शिक्षणको अन्योलबाट बचाई शिक्षकलाई सही रुपमा मार्ग निर्देशनगर्ने काम पाठयोजनाले गर्दछ । " (पेज.४४३)

तसर्थ विना लिखित पाठ योजना कक्षा कोठामा प्रवेश गर्नु भनेको शिक्षकको पेशागत नैतिकता भित्र नरहनु हो । त्यस्तै गरी कक्षा शिक्षकमा निरन्तर मूल्यांकन र पृष्ठपोषण गर्ने सन्दर्भमाा ६७% शिक्षकहरुले कहिलेकाही मात्र र बाँकी ३३% शिक्षकहरुले सधै गर्ने गरेको पाइयो । तसर्थ बहुसंख्यक शिक्षकहरुले कक्षा शिक्षणको महत्त्वपूर्ण अंशको रुपमा रहेको मूल्यांकन र पृष्ठपोषणलाई कम महत्व दिएको देखिएको । टेलरको आफ्नो विचारमा "वास्तविक रुपमा उद्देश्यलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनी नाप्ने प्रक्रिया नै मूल्यांकन हो" ( शर्मा, शर्मा, पे.२८०) । त्यस्तै निरन्तर मूल्यांकन मार्फत जेहेन्दार

विद्यार्थीको लागि प्रोत्साहन र कमजोर विद्यार्थीको लागि विशेष पृष्ठपोषण हुन्छ " (भट्ट,पे.९३) । यसर्त शिक्षण सिकाइ पश्चात सधैं मूल्यांकन र पृष्ठपोषण दिने गर्नु पर्छ ।

यसरी नै माथिको विश्लेषण तालिकावाट कक्षा शिक्षणमा कार्यमूलक अनुसन्धान गर्ने विषय ८४% शिक्षकहरुले गर्ने गरेको पाइयो ८% ले नगर्ने गरेको र ८% लाई थाहा नभएको पाइयो । तसर्थ शिक्षकहरु कार्यमुलक अनुसन्धान गर्ने कार्यमा बढी आकर्षित भएको पाईयो । यसो हुनको कारण शिक्षकहरुको कार्यक्षमताको कार्य संम्पादन फारमको बढुवा हुने फारममा शिक्षण गरेको विषयसंग सम्बन्धित अनुसन्धान गरे बापत बढीमा ५ अंक प्राप्त गरिने भएकोले (थापा, श्रेष्ठ, सिक्देल र लामिछोन, २०६८, पेज. १८४) अत्यधिक शिक्षकहरुले आफू बढुवा हुनको लागि यो कार्यमुलक अनुसन्धान गरेको हुन सक्तछ । यसै गरी विद्यालयमा नियमित हाजिर भई शिक्षण गर्ने सम्बन्धमा शतप्रतिशत शिक्षकहरुले आफ्नो दायित्व बोधको धारणा व्यक्त गरेका छन् । यसलाई विष्लेशण गरी हेर्दा (Benning ,2003) र त्यस्तै (Wynne ,1995) का अनुसार शिक्षकले आफ्नो काममा नियमित तथा ठीक समयमा उस्थिती भएर कार्य गर्नु पर्छ भनी बताएका छन् ।

यसै गरी धुम्रपान र मध्यपान गर्ने सम्बन्धमा ६६% शिक्षकहरुले सेवन नगर्ने गरेको पाइयो तर नियमित रुपमा गर्छु भन्ने जवाफमा १७% र चाडपर्व/भोजभतेरमा सेवन गर्ने शिक्षकका संख्या पनि

१७% नै रहेको देखियो सेवन गर्ने संख्या दुवैलाई अध्ययन गर्दा पेशागत नैतिकता भित्र नपर्ने तथापि बहुसंख्यक शिक्षकहरुले यो नैतिकतालाई पालना गरेको देखियो ।
(Stewart, 2006) का अनुसार शिक्षकका दैनिक व्यवहारहरु पिउने,नसालिने, अल्लारेपन, वेइमानी, यौन दुर्व्यहार जस्ता अनाधिकृत क्रियाकलाप देखाउने शिक्षक पेशागत नैतिकतामा रहदैन भन्ने कुरा लेख्नु भएको छ (p. 350)।

त्यसैगरि राजनीतिक दलको सदस्यता २५% शिक्षकहरुले लिएको देखिन्छ भने ७५% शिक्षकहरु राजनितीक दलको क्रियाशील सदस्य नरहेको पाइयो । केही शिक्षकहरु राजनीतिक दलको क्रियाशील सदस्य रही कार्य गरिरहेको पाइयो । शिक्षा नियमावली २०४९ को परिच्छेद - १६ को दफा (९१) को उपदफा (छ) मा शिक्षकको आचर संहितामा "कुनै पनि राजनीतिक दलको सदस्यता वा पद ग्रहण गर्नु हुदैन र राजनीतिक दलको एजेण्ट वा प्रतिनिधि भई काम गर्नु हुँदैन" भन्ने प्रावधान रहेकोमा केही शिक्षकहरु पेशागत नैतिकतामा नरहेको पाइयो ।

त्यसरी नै विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका (२०६८) को परिच्छेद चारको दफा ६ को उपदफा ६.२ को उद्देश्य २ मा "विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु " भन्ने व्यवस्थालाई (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेख गरिएको छ । त्यस्तै सोही उप दफाको ६.२.१ मा मुख्य क्रियाकलापहरु अन्तरगत (क), (ख), (ग), (घ), (ङ) र (च) मा सो किसिमको क्रियाकलाप बन्देज तथा नगराउने व्यवस्था उल्लेख गरिएको छ ( पे. ५-८) । त्यस्तै (Stewart, 2006.) मा निश्चित राजनैतिक संगठनमा रही सामुहिक क्रियाकलाप गर्ने , अपराधिक व्यवहार र धार्मिक अपहेलना गरी समस्या पैदा गर्ने जस्ता पेशागत नैतिकतामा समस्या पैदा गर्दछ ( ibid, p.350)। यसर्थ कोही पनि शिक्षक आफ्नो पेशागत मर्यादामा रहनको लागि कुनै पनि राजनैतिक दलको सदस्य र गतिविधिमा रहनु हुँदैन भन्ने अनुन्धानले देखाउँछ । त्यसैगरी ८% शिक्षकहरुले साह्रै थोरै पेशागत संगठनमा समय दिएको तर ९२% शिक्षकहरुले केहीमात्र समय दिएको पाइयो । यस्ता क्रियाकलापले विद्यार्थी सिकाई क्रियाकलापमा असर पुऱ्याउने भएकोले पेशागत नैतिकताभित्र केही शिक्षकहरु रहेको देखियो तर अत्याधिक शिक्षकहरु पेशागत नैतिकता भित्र नरहेको देखियो ।
त्यसैगरी माथिको तालिका अनुसार आफ्नो पेशाप्रति ८३% शिक्षकहरु सन्तुष्ट रहेका भावना पाइयो तर १७% शिक्षकहरु शिक्षण भन्दा अन्य पेशा, व्यवसायमा झुकाब देखाएको देखियो । यसले थोरै

मात्र शिक्षकहरु भएता पनि शिक्षण पेशा भन्दा अन्य पेशाप्रतिको आकर्षण देखियो जस्ले पेशागत नैतिकता पालनामा अवरोध खडा गर्न सक्तछ ।

अन्त्यमा माथिका तालिकाले स्पष्टसंग शतप्रतिशत शिक्षकहरुले आचार संहिता अध्ययन गरेको देखाएको तथ्यलाई पुष्टि गरेको छ तर सोही तालिकामा शिक्षकको आचारसंहिता भन्दा कतिपय शिक्षकहरुले पेशागत नैतिकतालाई अंगीकार गर्न नसकेको कुरा पुष्टि भएको छ । तसर्थ शिक्षकको पेशागत नैतिकताको सैद्धान्तिक पक्षहरु  व्यावहारिक रुपमा कार्यान्वयन नभएको देखिन्छ (भट्टराई, २०१०) ।

४.१.२ शिक्षक स्वयंको पेशागत नैतिकता सम्वन्धमा धारणा

यस अध्ययनको विशेषता अनुसार खुला प्रश्नको मद्दतद्धारा पेशागत नैतिकतालाई कसरी मार्यादित र आदर्श बनाउन सकिन्छ भन्ने सम्बन्धमा विभिन्न शिक्षकहरुले फरक फरक मत लिखित रुपमा प्राप्त भएता पनि उनीहरुको अवधारणालाई समग्ररुपमा मिलाई शिर्षक बद्धढंगमा गुणात्मक विधिबाट प्राप्त लिखत उत्तरहरुलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

क) आचरसंहिता पालना गर्ने

कतिपय शिक्षकहरुको धारणा अनुसार पेशागत नैतिकतालाई मार्यादित र आदर्श बनाउन आचार संहिताको पालना गर्नुपर्ने कुरामा जोड दिएका छन् । जुन कुरा शिक्षाका सिद्धान्त तथा नेपालको शिक्षा ऐन २०२८ तथा नियमावली २०४९ मा व्यावस्था भएको आचार संहितालाई व्यवस्थित र प्रभावकारी रुपमा लागु गर्ने विषयमा शिक्षकहरु सचेत रहेको देखिन्छ । जस्तै :- एक शिक्षकको भनाई अनुसार *" म शिक्षक भएको नाताले शिक्षकको आचार संहिता पालना गरी अध्ययन अध्यापन कार्यमा संलग्न रहने हो भने शिक्षकको पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन सकिन्छ जस्तो लाग्छ ।"*

तर माथि उल्लेखित परिमाणत्मक तथ्यांकलाई हेर्ने हो भने बहुसंख्यक शिक्षकहरु आचारसंहिता भन्दा बाहिर रहेको पाइयो । तसर्थ सैद्धान्ति तथा नीतिगत रुपमा आचार संहिताको कुरा पुरा रुपमा उल्लेख भएता पनि त्यसको व्यावहारिक पक्षमा कार्यान्वयन फितलो वा कम्जोर भएको पाइन्छ ।

ख) वालमैत्री सिकाई तथा नियमित उपस्थिती

कतिपय शिक्षकहरुले पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन बालमैत्री सीकाइ तथा नियमित उपस्थिती अपनाउनु पर्ने भन्ने धारणा व्यक्त गरेको पाइयो । जस्तै : एक शिक्षकको भनाइलाई उल्लेख गर्ने हो भने *“विद्यालयमा आफ्नो अनुपस्थिती यथासक्य घटाएर शिक्षक परिवारमा देखिने असमझदारीलाई न्यूनीकरण गर्ने भूमिका निभाएर बालमैत्री सिकाईलाई जोड दिएर”* । यस सम्वन्धमा सैद्धान्तिक आधारमा बालमैत्री विद्यालय भनेको के हो ? भन्ने सवालमा बालबालिकाहरुकारुचि, आवश्यकता, क्षमता तथा विकासक्रम र विशेषतालाई ध्यानमा राखी क्रियाकलापमा आधारित, सिर्जनात्मक र सहभागितामूलक प्रक्रियाको माध्यमवाट भयरहित वातवरणमा कक्षाकोठाको व्यावस्थापन र संरचनामा सुधार गरी शिक्षण सिकाइ प्रक्रिया सञ्चालनबाट गुणस्तरीय शिक्षा दिने विद्यालय नै वालमैत्री विद्यालय हो । त्यस्तै बालमैत्री सिकाइ भन्नाले बालबालिकाहरुका रुचि, आवश्यकता, क्षमता तथा विकासक्रम र विशेषतालाई ध्यानमा राखी क्रियाकलापमा आधारित, सिर्जनात्मक र सहभागितामूलक प्रक्रियाको माध्यमबाट गरिने सिकाइ प्रक्रिया हो । विद्यालय सञ्चालन तथा व्यवस्थापन सहयोगी हाते पुस्तिका, २०६७, पे.३१-३२) । यसलाई अध्ययन गरी हेर्ने हो भने शिक्षकहरुलाई आफ्नो पेशागत नैतिकताका सवालमा राम्रो ज्ञान रहेको थाहा पाउन सकिन्छ।

ग) शैक्षिक सामग्री र मूल्यांकन

केही शिक्षकहरुले उनीहरुको पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन शैक्षिक सामग्री तथा मूल्यांकन प्रभावकारी प्रयोग तथा अबलम्बन गरिनुपर्छ भन्ने अवधारणा पनि व्यक्त भएका छन् । जस्तै : एक शिक्षकको भनाइलाई लिने हो भने *“नियमित उपस्थिति शैक्षिक सामग्रीको प्रयोग, मूल्यांकनमा व्यापकता ल्याएको खण्डमा पेशागत नैतिकतालाई आदर्श र मर्यादित बनाउन सकिन्छ ”।* शैक्षिक सामग्रीको सवालमा “पाठ्यकममा व्यवस्था भएको उद्देश्य परिपूर्ति गर्न विभिन्न शैक्षिक सामाग्रीहरुले शिक्षणलाई सरल र रोचक वनाउन महत्वपूर्ण भूमिका हून्छ” । (थापा, २०६८, पेज. ४२४) भन्ने कुरा उल्लेख भएको छ । शैक्षिक सामग्रीको सम्वन्धमा विद्यार्थीहरुलाई सोधिएको प्रश्नमा ६०% शिक्षकहरुले विना शैक्षिक सामग्री शिक्षण गर्नुहुन्छ भन्ने उत्तर प्राप्त भएको छ , ( टेवल नं २ ) । मुल्याङ्कन सम्वन्धमा माथि नै उल्लेख गरि सकिएको छ । तसर्थ शिक्षकहरुलाई आफ्नो पेशालाई मर्यादित बनाउन शैक्षिक सामग्रीको प्रयोग र मुल्याङ्कन गरिनु पर्छ भन्ने कुरा राम्रो गरी

जानकारी हुँदाहुदै पनि यसलाई प्रयोग नगरिएको शिक्षक स्वयंम्को जवाफबाट (टेवल नं १)र विद्यार्थीहरुको जवाफवाट ( टेवल नं २ ) को विश्लेषणवाट थाहा पाउन सकिन्छ ।

घ) पेशा प्रतिको सन्तुष्टि

कतिपय शिक्षकहरुले शिक्षण पेशालाई पेशाप्रतिको सन्तुष्टि दिलाउन वा पेशालाईआकर्षण बढाउने कार्य गरिनु पर्ने भावना व्यक्त गरेको छन् जस्ले गर्दा शिक्षकको पेशागत नैतिकतामा टेवा पुऱ्याउछ । जस्तै कुनै एक शिक्षकको भनाइलाई उदृत गर्ने हो भने *"पेशाप्रति प्रतिवद्धता बढाएर एवं Job Satisfaction बाट शिक्षकको पेशागत नैतिकता लाई मर्यादित र आदर्श बनाउन सकिन्छ ।"*

माथिको तालिकामा प्रस्तुत गरिएको परिमाणत्मक तथ्यलाई हेर्ने हो भने केही प्रतिशत शिक्षकहरु पेशाप्रति आकर्षित नभएको देखिन्छ । यस्तो अवस्थामा पेशाप्रतिको सन्तुष्टि वृद्धि गर्न आवश्यक देखिन्छ । ( थापा, श्रेष्ठ, सिग्देल, लामिछाने, २०६८,पेज. ४५ ) अनुसार पेशामा कर्मचारीहरुले सेवा उपलव्ध गराए बापत् आवश्यकता पूरा हुने पुरस्कार उपलव्ध गराउनु पर्छ ।  पुरास्कारले परिवार धान्न सहयोग पुग्दछ , तसर्थ शिक्षकहरुलाई उचित पुरस्कार र तलव भत्तामा आकर्षक वनाएर आफ्नो पेशा प्रति आकृष्ट र सन्तुष्ट बनाउनु पर्छ ।

## ४.२.विद्यार्थीको दृष्टिकोणमा शिक्षकको पेशागत नैतिकता

शिक्षकको पेशागत नैतिकताको सम्बन्धमा एकाईस (२१) जना विद्यार्थीहरुलाई भर्न लगाइएको अनुसूचिमा तपाईले जे देख्नु भएको छ सही उत्तरमा ठीक उत्तरमा ठीक चिन्ह लगाउनुहोस भन्ने प्रश्नावलीबाट प्राप्त नतिजालाई विश्लेषणको लागि तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं  २

| शिर्षक | छ | छैन |
|---|---|---|
| समय भन्दा अगावै कक्षा छाड्ने | १०% | ९०% |
| धुम्रपान तथा मध्यपानमा संलग्नता | ६७% | ३३% |
| गृहकार्य नगर्दा कार्वाही | ७१% | २९% |
| शैक्षिक सामाग्रीको प्रयोग | ४०% | ६०% |

| | | |
|---|---|---|
| कक्षामा राजनैतिक पार्टीको कुराकानी | ५२% | ४८% |
| संघसंस्था तथा राजनैतिक दलमा संलग्नता | ६२% | ३८% |
| तासजुवा खेल्ने | ४३% | ५७% |
| लिंगको आधारमा भेदभाव | ५% | ९५% |

स्रोत :- अध्ययन सर्वेक्षण

माथिको तालिकामा १0% विद्यार्थीहरु उनीहरुका आफ्ना शिक्षकहरु समय भन्दा अगावै कक्षा छाड्ने विषयमा सहमत देखिन्छन् भने ९0% विद्यार्थीहरु उक्त विषयमा सहमत छैनन् । (शर्मा, शर्मा, २0६४, पेज. ४१५ ) अनुसार अिक्षकले "आफ्नो जिम्मेवारी,उत्तरदायित्व र कर्तव्य आफ्नै हुन्छ । शिक्षकले गर्ने शिक्षण पेशालाई सम्मानित पेशागत कार्य मानिन्छ " । तसर्थ शिक्षकले आफ्नो पेशाको मर्यादालाई अंगीकार गरी समयमा कक्षा कोठामा जाने समयसम्म रहेमा उसको पेशागत नैतिकतालाई उच्च बनाउँछ ।

त्यसैगरी ६७% विद्यार्थीहरु शिक्षकहरु धुम्रपान तथा मध्यपानमा संलग्न छन् भन्ने कुरामा सहमत देखिन्छन् भने बाँकि ३३% विद्यार्थीहरु यसको विपक्षमा देखिएका छन् । Alexander the Great को भनाइ अनुसार " मलाई जन्म दिएकोमा म मेरा बाबुप्रति ऋणी छु तर राम्रो जीवन निर्वाहका लागि म मेरो गुरुप्रति ऋणी छु " ( शर्मा, शर्मा, पेज.४१६ ) यति महान् व्यक्तिको कथनले शिक्षकलाई ठूलो सम्मानको दर्जामा राखेको छ , तसर्थ शिक्षक आफ्नो पेशाको आचर संहिताको घेराभित्र रहनुपर्ने कुरालाई बुझाउँछ । त्यस्तै ( Stewat,2006, p.350 ) मा शिक्षकले पिउने, नशालिने कार्य शिक्षकको पेशागत नैतिकता भित्र नरहने बताएका छन् ।

त्यस्तै गरि अत्याधिक विद्यार्थीहरु ७१% शिक्षकले गृहकार्य नगर्दा कार्वाही गर्छ भन्ने विषयमा सहमत देखिन्छन् भने २९% विद्यार्थीहरु कार्यवाही गर्दैनन् भन्ने विषयमा आफ्ने मत जाहेर गरेको देखिन्छ । यस विश्लेषणलाई हेर्दा शिक्षक आचर संहितामा रहेको देखिन्छ ।

त्यस्तैगरि ४0% विद्यार्थीहरु शिक्षकले कक्षामा अध्यापन गराउँदा शैक्षिक सामाग्रीको प्रयोग गर्छन् भन्ने देखिन्छ भने ६0% विद्यार्थीहरु शैक्षिक सामाग्रीको प्रयोग हुँदैन भन्ने आफ्नो अनुभव पेस गरेका छन् । तसर्थ "पाठ्यक्रममा व्यवस्था भएको उद्देश्य परिपूर्ति गर्न विभिन्न शैक्षिक सामाग्रीहरुले

शिक्षणलाई सरल र रोचक वनाउन महत्वपूर्ण भूमिका हून्छ” (थापा, श्रेष्ठ, सिग्देल, लामिछाने, २०६८, पेज. ४२४) भन्ने तथ्यलाई अत्याधिक शिक्षकहरुले वेवास्त गरेका छन् । अर्थात माथि उल्लेखित तथ्यांकले वहुसंख्यक शिक्षकहरुले शैक्षिक सामाग्री प्रयोग नगरेको पाईयो । तसर्थ उनीहरुले आफ्नो कक्षाकोठामा अध्यापन गर्दा अपनाउनु पर्ने आफ्नो पेशागत नैतिकतालाई राम्रोसँग निर्वाह नगरेको देखिन्छ ।

त्यसैगरी ५२% विद्यार्थीहरुले उनीहरुका सम्बन्धित शिक्षकहरुले कक्षामा राजनितिक विषयको कुराकानी गर्दछ भन्ने विषयमा सहमति प्रकट गरेका छन् तर ४८% विद्यार्थीहरुले त्यसको विपक्षमा आफ्नो धारणा पेश गरेका छन् । त्यस्तै अर्को प्रश्नको उत्तरमा ६२% विद्यार्थीहरुले शिक्षकहरु संघसस्था, राजनीतिक दलमा संलग्न रहेका उल्लेख गरेका छन् भने ३८% विद्यार्थीहरुले संलग्न नरहेको विश्लेषणवाट देखाएका छन् । यी दुवै विश्लेषणलाई सैद्धान्तिक आधारवाट हेर्दा यसवाट केहि शिक्षकहरु राजनीतिक दलको क्रियाशील सदस्य रही कार्य गरीरहेको विद्यार्थीलाई पनि थाहा भएको पाइयो । शिक्षा नियमावली २०४९ को परिच्छेद- १६ को दफा (९१) को उपदफा (छ) मा शिक्षकको आचर संहितामा “ कुनै पनि राजनीतिक दलको सदस्यता वा पद ग्रहण गर्नु हुँदैन र राजनीतिक दलको एजेण्ट वा प्रतिनिधि भई काम गर्नु हुँदैन ” भन्ने प्रावधान रहेकोमा केही शिक्षकहरु पेशागत नैतिकतामा नरहेको विद्यार्थीहरुको अनुसन्धानबाट देखाउछ । त्यसरी नै विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका (२०६८) को परिच्छेद चारको दफा ६ को उप दफा ६.२ को उद्देश्य २ : मा “ विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नू ” भन्ने व्यवस्थालाई (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेख गरिएको छ । त्यस्तै सोही उप दफाको ६.२.१ मा मुख्य क्रियाकलापहरु अन्तरगत (क), (ख), (ग), (घ), (ङ) र (च) मा सो किसिमको क्रियाकलाप बन्देज तथा नगराउने व्यवस्था उल्लेख गरिएको छ (पे. ५-८) । त्यस्तै (Stewart, 2006.) मा निश्चित राजनैतिक संगठनमा रही सामुहिक क्रियाकलाप गर्ने , अपराधिक व्यवहार र धार्मिक अपहेलान गरी समस्या पैदा गर्ने जस्ता पेशागत नैतिकतामा समस्या पैदा गर्दछ ( p.350)। यसैले गर्दा पनि कोही पनि शिक्षक आफ्नो पेशागत मर्यादमा रहनको लागि कुनै पनि राजनैतिक दलको सदस्य र गतिविधिमा रहनु हुदैन भन्ने अनुन्धानले देखाएको छ । विद्यार्थी विविध क्षेत्र र वर्गवाट आउने भएकाले विद्यार्थीको नजरमा सबै शिक्षक समान रहनुपर्छ ।

त्यसैगरी ४३% विद्यार्थीहरुले शिक्षकहरु जुवा, तास जस्ता कुलत कार्यका सम्लग्नता रहेको दाबी गरेका छन् भने ५७% विद्यार्थीहरुले त्यस्ता कार्यमा शिक्षकहरु नलागेको मत व्यक्त गरेका छन् । यस विश्लेषणलाई अवलोकन गर्ने हो भने ठूलै संख्यामा विद्यार्थीहरुले शिक्षकहरु कुलतमा लागेको देखाएका छन् । ( शर्मा, शर्मा, २०६४) अनुसार "शिक्षक विद्यार्थीहरुको व्यवहारमा चाहेका परिवर्तन ल्याउने, बानीको विकास गराउने , व्यक्तित्व, चरित्र, र अनुशासनको विकास गराउने दायित्व शिक्षकको हुन्छ " ( पेज. ४१६ ) । तसर्थ शिक्षक स्वयंम् पेशाप्रति नैतिकवान् र चरित्रवान मार्ग निर्देशक व्यक्तिको रुपमा रहनु पर्ने अनुसन्धानवाट देखाएको छ ।

त्यसै गरी शिक्षकले लिङ्गको आधारमा विद्यार्थीहरु माथि गरिने भेदभाव सन्दर्भमा ५% विद्यार्थीले भेदभाव गरे भन्ने देखिएता पनि अत्यधिक ९५% विद्यार्थीहरुले लिङ्गको आधारमा उनीहरुमाथि भेदभाव नभएको कुरा व्यक्त गरे । (विद्यालय शान्तक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ) को परिच्छेद छ को दफा १४ को उप दफा १४.५ को भेदभावको (क) मा "लैङ्गिक, जातीय, क्षेत्रीय, भौगोलिक, वर्गीय, धार्मिक, साँस्कृतिक, राजनीतिक आस्था, शारीरिक र मानसिक अवस्था, वर्ण, भाषिकलगायत कुनै पनि आधारमा विद्यार्थीलाई फरक व्यवहार गर्ने, कसैलाई अवसर वा प्रथामिकता दिने या कसैलाई नदिने, हेप्ने वा होच्याउने" कार्य गर्नु हुँदैन भन्ने उल्लेख गरिएको छ ( पेज.१७) । यसर्थ यो कार्यमा शिक्षकहरु आफ्नो पेशाप्रति ठूलो संख्यामा सजक रहेको नै देखियो ।

## ४.३ प्रधानाध्यपकको भूमिका

विद्यालयको सम्पूर्ण गतिविधि तथा शिक्षकहरुलाई पेशागत नैतिकतामा रहे वा नरहेको कार्यको अवलोकन गर्ने र नियम विपरित कार्य गर्नेलाई कार्यवाही गर्ने अथवा कार्यवाहीको घेरामा ल्याउने व्यक्ति प्रधानाध्यापक हो ( शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ संशोधन सहित , २०५१ चैत्र, परिच्छेद - १० को दफा ३७ मा यो व्यवस्ता गरिएको छ , पेज. ६४-६५) । प्र. अ. स्वयंम् पेशाप्रति नैतिकवान् रहनुपर्ने र शिक्षकहरुलाई पनि पेशागत नैतिकतामा राख्ने व्यक्ति भएकोले यस अध्ययनलाई पूरा गर्न प्र. अ. सँग पनि अनुसूचि फारम भराउने कार्य गरिएको छ ।

४.३.१.प्रधानाध्यापकलाई सोधिएको बन्द प्रश्नको विश्लेषण

यस अध्ययनलाई विश्लेषण गर्नको लागि तीन जना प्रधानाध्यापकसँग गरिएको बन्द र खुला प्रश्नको आधारमा तलको तालिकामा तथ्याङ्कलाई राखि विश्लेषण गरिएको छ :

तालिका नं ३

| शिर्षक | एक पटक | एक भन्दा वढि | गरेको छैन |
|---|---|---|---|
| कक्षा अवलोकन | – | १००% | – |
| | आलोचना गर्छु | आलोचना सहित सुधार | प्रसंशा र सुधार |
| अवलोकन पछिको पृष्ठपोषण | – | – | १००% |
| | नियमितता | अनुशासन/शिक्षण कृयाकलाप | माथिका सवै |
| अवलोकनका पक्षहरु | ३३% | – | ६७% |
| | होडिङ वोर्ड राखेर | सम्झाई वुझाई/पुरस्कार द्धारा | दण्ड दिएर |
| आचर संहिता पालन गराउन | ३३% | ६७% | – |
| | गर्दिन | कहिले काही | मुडविग्रिएको वेला |
| धुम्रपान मध्यपान | ६७% | ३३% | – |

स्रोत :- अध्ययन सर्वेक्षण

माथिको तालिका अनुसार शतप्रतिसत प्रधानध्यापकहरु एकभन्दा वढीपटक कक्षा अवलोकन गरि सही कार्यका लागि पुरस्कार तथा प्रशंसा प्रदान गरेर शिक्षकको पेशागत नैतिकतामा अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयमा सहमत देखिन्छन् । नियमितता अवलोकनको महत्वपूर्ण पक्ष हो भन्ने सन्दर्भमा ३३% प्र. अ. तथा नियमितता तथा अनुशासन/शिक्षण कृयाकलाप ६७% रहेको देखियो । यो कार्य गर्ने गराउने शिक्षा नियमवली अनुसार प्र. अ. को रहेको माथि नै ४.३ मा उल्लेख गरिसकिएको छ ।

माथिको तालिकालाई हेर्ने हो भने " आचर संहिता कसरी पालन गराउनु हुन्छ ? " भन्ने सवालमा होडिङ वोर्ड राखेर ३३% तथा सम्झाई वुझाई/पुरस्कार द्वारा ६७% भन्ने उत्तर प्राप्त भएको छ। यस कार्यमा शिक्षकलाई सजगता राख्न प्रधानाध्यापक आफूहरु सजग रही कार्य गरेको नै देखियो।

त्यस्तै माथिको तालिकामा विश्लेषण गरी हेर्दा धुम्रपान तथा मध्यपान गर्दिन भन्नेवाट ६७% र कहिले काहिवाट ३३% उत्तर प्राप्त भएको छ। यसलाई विश्लेषण गर्दा धेरै प्रतिशत गर्दिन भन्ने रहेता पनि थोरै प्रतिशत भए पनि गर्छु भन्ने देखिएको छ। यस सम्वन्धमा माथि नै शिक्षकहरुको आत्म मूल्याङ्कनमा पनि उल्लेख गरी सकिएकोले पेशागत नैतिकतामा रहन शिक्षा ऐन नियमको पालन गर्ने गराउने प्र. अ. पहिले आफू राम्रो हुनुपर्छ अनि अरुलाई राम्रो बनाउन सकिन्छ भन्ने कुरालाई मनन गरी कार्य गर्नुपर्छ।

४.३.२. प्रधानाध्यपकको धारणाको विश्लेषण

प्रधानाध्यापका लागि आत्ममूल्याङ्कन प्रश्नहरुमा केही प्रश्नहरु प्र. अ. का लागि खुला पनि राखिएको थियो। यिनै प्रश्नहरुवाट प्राप्त जवाफलाई आधार मानी निम्न अनुसार विश्लेषण गरिएको छ।

क) समयको सदुपयोग र पेशागत नैतिकता

समयको सदुपयोग गरी उपलब्धिमूलक कार्यमा लगाउनु कुनै पनि कार्यको सफलताको कडी हो र समयको सदुपयोग गरी प्रधानध्यापकले आफ्नो पेशागत नैतिकताको पालना गरेको विभिन्न शिक्षकहरुको धारणावाट प्रष्ट भएको छ। यस विषयमा एक प्रधानध्यापकको भनाईलाई उदृत गर्न आवश्यक ठानेको छु जस्तै *"शिक्षा क्षेत्रका पुस्तकहरु पढ्छु, संघ संस्थाका कार्यक्रमहरुमा सहभागी हुन्छु र विद्यालयको अवलोकन गर्छु।"* उक्त कथन अनुसार प्रधनाध्यापकहरुले विद्यालयको समय वाहिर विभिन्न पुस्तकपुस्तिका र पत्रपत्रिकाहरु अध्ययन गर्ने तथा विद्यालयको निरीक्षण र अवलोकन गर्ने कार्यमा व्यतीत गरेको पाईयो। यसका साथै अन्य संघ संस्थाहरुका कार्यक्रममा सहयोग गरेको पाइयो। तसर्थ प्रधानाध्यापकहरु आफ्नो क्षमता विकासका लागि सचेत रहेको पाइयो। त्यस्तै गरी उनीहरु आफ्नो विद्यालय प्रतिको जिम्मेवारी प्रति सजग रहँदै अन्य सामाजिक सेवामा लागेको पाईयो। तसर्थ शिक्षकको सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई प्रष्ट्याएको छ। प्र. अ. शैक्षिक प्रशासक पनि भएकोले विद्यालयको समय वाहिरको समयलाई विद्यालयको योजना बनाउने, व्यवस्थापन गर्ने, समन्वय गर्ने र स्रोतको खोजी गर्ने कार्यमा रहनु पर्छ।

ख) आर्थिक पारदर्शितामा प्रधानाध्यापकको भूमिका

आर्थिक पारदर्शिता सम्वन्धमा विभिन्न प्रधानाध्यापकका विचार तथा अवधारणा अनुसार उनीहरुले समय समयमा विद्यालयको लेखापरीक्षण हेर्ने गरेको पाइयो । जस्तै एक प्रधानध्यापकको विचारमा *“दैनिक आयव्यायको हिसाव गर्ने र अन्तिम लेखा परीक्षण गराई सामाजिक लेखापरीक्षण पनि गराउँछु”* तसर्थ प्रधानाध्यापकहरु पारदर्शी लेखापरीक्षणमा सचेत रहेको देखिन्छ । त्यतिमात्र नभएर उनीहरुले सामाजिक लेखापरीक्षण मार्फत पारदर्शितालाई कायम राखेको पाइयो ।

यस कुरालाई शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ को संसोधन सहित २०५१ चैत्रमा परिच्छेद १० को दफा ३७ को उपदफा (म) को व्यवस्था अनुसार विद्यालयको आय व्यायको सञ्चालन गर्ने र लेखापरीक्षणको जिम्मेवारीको प्रावधानलाई पनि कार्यन्वयन गरेको देखिन्छ ( पेज.६५) । त्यस्तै विद्यालयहरुको सामाजिक परीक्षण गर्ने सम्वन्धी निर्देशिका (२०६५,पे. १-२) को दफा ३ मा विद्यालयले सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था उपदफा (१) देखि (७) सम्म यसको व्यवस्था र प्रक्रिया उल्लेख गरिएको छ । तसर्थ सामाजिक लेखापरीक्षण गर्ने गराउने प्र. अ. को पेशागत नैतिकता भित्र पर्दछ र यो कार्य गर्छु भनेको नै देखियो ।

ग) शिक्षकको पेशागत नैतिकतालाई उच्च बनाउन गरिनु पर्ने कार्यहरु

विभिन्न प्रधानाध्यपकहरुका विचारलाई समष्टिगत रुपमा लिने हो भने पुरस्कार तथा दण्ड र सचेतनाद्धारा पेशागत नैतिकतालाई उच्चस्तरमा पु-याउन सकिन्छ भन्ने कुरालाई प्रमुख रुपमा उठाइएको पाइयो । जस्तै एक शिक्षकको भनाइअनुसार *“तालिमको व्यवस्था, पृष्ठपोषण दिने कार्य र पुरस्कारको व्यवस्था गरिनु पर्दछ ।”* यस विषयलाई विभिन्न सैद्धान्तिक दृष्टिकोणबाट हेर्ने हो भने शिक्षकको पेशागत नैतिकतालाई उच्चस्तरीय बनाउन प्रेरण, प्रोत्साहन, पुरस्कार वा दण्ड दिई व्यवहारको आकार निर्धारण (ग्याग्ने, शर्मा, २०६० मा व्यक्त गरिए अनुसार) गर्न सकिन्छ भन्ने तथ्यलाई उजागर गरेको छ । त्यस्तै शिक्षकको पेशागत नैतिकतालाई उच्च बनाउन तालिमको व्यवस्थावाट गर्न सकिन्छ (Caetano and Silva, 2009) ले पनि जोड दिएको छ ।  त्यस्तै अर्को एक शिक्षकको भनाई अनुसार *“ संसार बनाउनु छ भने पहिले आफैं बनिनु पर्छ तसर्थ शिक्षकको पेशागत नैतिकतालाई उच्चो बनाउन समय समयमा गुरु के हो र गुरु कस्तो हुनुपर्छ ?  भन्ने बारेमा गोष्ठी अन्तरक्रिया छलफल कार्यक्रम राखी गुरुको आत्मबल बढाइदिने कार्यक्रम सञ्चालन गर्नुपर्छ*”।

यसलाई विश्लेषण गरी हेर्दा पेशागत नैतिकतालाई मर्यादित बनाउन तालिम गोष्ठिको आवश्यकता देखाएको छ यो भनाइ (Caetano and Silva, 2009) को मतसँग मिल्दछ ।

## ४.४ विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुको अवधारणाको विश्लेषण

मेरो अनुसन्धानलाई पूरा गर्न शिक्षकको पेशागत नैतिकताको अवस्थाको बारेमा वि.व्य.स. तथा अभिवावकको नजरमा कस्तो छ त भनी छ जना अभिभावकहरुलाई छ वटा बन्द प्रश्नहरु राखी भर्न लगाइएको थियो । अनुसूचिवाट प्राप्त उत्तरलाई तलको तालिकामा राखी विश्लेषण गरिएको छ ।

तालिका नं ४

| शिर्षक | समर्पित | दायित्व वोध नगर्ने | सामान्य वोध गर्ने | पेशालाई भन्दा अन्य कार्यलाई जोड दिने |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका शिक्षकलाई हेर्ने दृष्टिकोण | १७% | — | ३३ % | ५०% |
| | दण्ड जरिवाना | आर्थिक लाभ तथा पुरस्कार | नियमित अनुगमन | |
| थप नैतिक आचरण परिपालन गराउन | - | - | १००% | |
| | वि. प्र. | जि. सि. का. | वि. व्य. स. | मथिका सवै |
| पेशागत नैतिक आचरण परिपालन कार्यन्वयन | ५०% | - | - | ५०% |
| | तलव भत्ता पकाउने | नियमितता | पेशाप्रति समर्पित अनुशासित | सामाजिक कार्यमा सामाजिक कार्यमा पनि ध्यान दिनु पर्ने |
| शिक्षकमा हुनु पर्ने | — | — | ८३% | १७% |

| | | | | |
|---|---|---|---|---|
| पेशागत नैतिक आचरण | | | | |
| | छ | छैन | | |
| शिक्षकको राम्रो गुणको वारेमा | ५०% | ५०% | — | — |
| | थाहा छ | थाहा छैन | | |
| गृहकार्य दिएको थाहा | १७% | ८३% | — | — |

स्रोत :- अध्ययन सर्वेक्षण

माथिको विश्लेषणात्मक तालिकाले १७% वि. व्य. स. तथा अभिभावकहरु सामुदायिक विद्यालयका शिक्षकलाई हेर्ने दृष्टिकोणमा शिक्षकहरु समर्पित रहेका पाइयो । त्यसैगरी ३३% अभिभावकले ती शिक्षकहरुलाई साधारण किसिमको दायित्व वोध गरेको लिएको पाइयो । त्यसैगरी ५०% अभिभावकहरु पेशालाई भन्दा अन्य कार्यलाई जोड दिने रुपमा हेरेका छन् । यसलाई विश्लेषण गरी हेर्दा अभिभावकहरुको नजरमा अत्यधिक संख्यामा अन्य क्षेत्रको शिक्षकहरुको तुलनामा सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरु आफ्नो पेशालाई दायीत्व वोध नगर्ने शिक्षकको रुपमा हेरेको देखियो । यस भन्दा माथि नै शिक्षकहरुको आफ्नै जवाफ र विद्यार्थीहरुको उत्तरवाट पनि शिक्षकहरु राजनीतिक दलमा आवद्ध रहेको कुराहरु विश्लेषण गरी सकिएकोले यसैलाई आधार मानी विश्लेषण गर्दा अभिभावकको नजरमा यिनै कारणवाट सामुदायीक विद्यालयमा शिक्षण गर्ने शिक्षकलाई दायित्व वोध नगर्ने शिक्षकको रुपमा लिएको भन्न सकिन्छ ।

शिक्षकमा थप नैतिक आचारणको परिपालना गराउन के गर्नु पर्छ ? भन्ने विषयमा शतप्रतिशत वि व्य स तथा अभिभावकहरुले नियमित अनुगमन गरिनु पर्ने कुरामा जोड दिएका छन् । तसर्थ (शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ संशोधन सहित २०५१ चैत्र) को परिच्छेद -६ को दफा २१ को उप दफा (क), पेज.५५ ) मा निरीक्षण तथा सुपरिवेक्षणको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । त्यसैले जि. शि. का. तथा विद्यालयसँग सरोकार वि. व्य. स. र विद्यालय प्रशासनले नियमित रुपमा अनुगमन गरेमा शिक्षकमा नैतिक आचरणको परिपालन गराउन सकिन्छ । त्यसैगरी पेशागत नैतिक आचरणलाई परिपालन वा कार्यन्वयन गराउने निकाय को हो भन्ने विषयमा विद्यालय प्रशासनमा ५०% र जि. शि. का., वि. व्य. स. र शिक्षा मन्त्रालयमा तथा विद्यालय

प्रशासन सबै मा ५० % आफ्नो मत व्यक्त गरेका छन् । माथि नै उल्लेख भएबमोजिम शिक्षकको पेशागत नैतिकतालाई परिपालन / कार्यान्वयन गराउने निकाय उल्लेख भएकाले ती सम्वन्धित निकायहरुले नियमित रुपमा अनुगमन गर्नु पर्ने देखिन्छ । उनीहरुको विचारमा शिक्षकमा हुनु पर्ने पेशागत नैतिक आचरण अन्तर्गत ८३% ले पेशाप्रति समर्पित तथा १७ % ले विद्यालयको अतिरिक्त सामाजिक कार्यमा पनि ध्यान दिने आचरणलाई लिएका छन् । यी दुवैलाई विश्लेषण गरी हेर्नका लागि (शर्मा, शर्मा, २०६४) को अनुसार

> “शिक्षकले आफ्नो पेशालाई महत्व दिदै पेशाप्रति लगनशील र माया राख्ने हुनुपर्दछ । शिक्षक समाजमा रही सामाजिक कार्यमा सहयोग गर्ने , सामाजिक चेतनाको विकास गराउने र आफ्नो पेशालाई सर्वोपरी मान्ने शिक्षक हुनु पर्छ । म शिक्षक हुँ र शिक्षकले निर्वाह गर्ने भूमिका मैले निर्वाह गर्नुपर्दछ । म शिक्षक भएकोमा मलाई सन्तुष्टि छ । मेरो शिक्षण पेशा सबैभन्दा प्यारो छ भन्ने भावना शिक्षकमा हुनुपर्दछ ”। (पेज. ४२०)

त्यसो भएको कारणले गर्दा शिक्षण पेशालाई मर्यादित वनाउन शिक्षक पेशाप्रति समर्पित र सामाजिक कार्यमा पनि सहयोग गरेमा शिक्षक विश्वास योग्य व्यक्तिको रुपमा लिने गर्दछ । त्यसैगरी ५०% अभिभावकहरुको बच्चाले उनीहरुका शिक्षकको राम्रो गुणको वारेमा भन्ने गरेकोमा र ५०% ले नभन्ने गरेको पाइयो । यसलाई विश्लेषणको आधार लिएर हेर्नको लागि (शर्मा, शर्मा, २०६४) का अनुसार “ शिक्षक राम्रो व्यक्तित्व र चरित्रको हुनैपर्दछ किनभने विद्यार्थीले ग्रहण गर्ने विभिन्न व्यवहारहरु शिक्षकहरुवाटै नक्कल गर्ने गर्दछन् । शिक्षकको बोली, उसका क्रियाकलाप, लगाउने लुगा , उसका बानी व्यवहार विद्यार्थीले नक्कल गर्दछन् । त्यसैलै शिक्षकको चरित्र र व्यक्तित्व असल हुनुपर्दछ ” (पेज. ४२१) । यसो भएमा विद्यार्थीले शिक्षकको राम्रो गुणको बारेमा आफ्ना गुरुजनको आफ्ना अभिभावकसँग कुरा गर्दछन् ।

त्यसैगरी १७% अभिभावकलाई आफ्ना वालवालिकालाई गृहकार्य दिएको थाहा भएको पाइयो भने ८३% अभिभावकहरु गृहकार्य दिए नदिएको विषयमा अनविज्ञता प्रस्तुत गरे । अभिभावकका प्रस्तुत अभिमतलाई विश्लेषण गर्ने हो भने ठूलो संख्यामा आफ्ना वालवालिकाहरुलाई गृहकार्य नदिएको अभिमत रहेको छ । गृहकार्यको सवालमा ( शर्मा, शर्मा, २०६४) का अनुसार “ कक्षा शिक्षण गरिसमेपछि विद्यार्थीले के-कति बुझे/जाने भनी विद्यालयमा पढेको आधारमा घरबाट गरेर ल्याउने गरी दिने कामलाई गृहकार्य भनिन्छ ” (पेज. ४४६) । यसर्थ शिक्षण कार्यप्रति विद्यार्थीलाई क्रियाशील

बनाउन गृहकार्य दिने गरिन्छ । तसर्थ शिक्षकको पेशागत नैतिकतालाई जिम्मेवारि बनाउन गृहकार्य दिने गरिनु पर्छ । यसलाई विश्लेषण गरी हेर्दा शिक्षक पेशागत नैतिकतामा नरहेको देखिन्छ ।

# परिच्छेद पाँच :

# निष्कर्ष र सुझाब

यस अनुसन्धानको क्रममा अध्ययन गरिएको तथ्यांकहरुको विश्लेषणवाट प्राप्त भएका मुख्य  निश्कर्ष तथा सुझावहरुलाई निम्न लिखित उपशिर्षक अन्तर्गत वुंदागतरुपमा प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

यस अध्ययनको क्रममा भेटिएका तथ्यहरुको आधारमा सामुदायीक विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको पेशागत नैतिकताको अवस्थाको बारेमा निम्नानुसारको निष्कर्षमा पुग्न सकिन्छ।

५.१.१. यस अध्ययनको प्रथम अनुसन्धानात्मक प्रश्न “शिक्षकको आधारभूत पेशागत नैतिकता पालना गर्न अभ्यस्त शिक्षकहरुको अवस्था कस्तो छ अथवा के छ ? ” को उत्तर स्वरुप शिक्षकको पेशागत नैतिकताको विषयमा शिक्षक स्वयंको आत्ममूल्यांकनको परिमाणात्मक तथा गुणात्मक विश्लेषणअनुसार निम्नलिखित तथ्यहरु प्राप्त भएका छन् :

क) पाठयोजना प्रभावकारी शिक्षण सिकाईको साधन भए तापनि कक्षाकोठामा प्रवेश गर्न अघि शतप्रतिशत शिक्षकहरुले दिमागी रुपमा मात्र पाठयोजनाको तयारीमा शिक्षण गर्ने कुरा देखियो जुन  कुराले उनीहरु पेशागत नैतिकता भित्र नरहेको देखाउदछ ।

ख) सिकाईको उद्देश्य कुन हदसम्म प्राप्त गर्न सकियो भनी नाप्ने प्रक्रिया मूल्यांकन तथा पृष्ठपोषणलाई बहुसंख्यात्मक शिक्षकहरुले कम महत्व दिएको देखिएको छ ।

ग) आफ्नो पदिय वढुवाका लागि कक्षा शिक्षणमा कार्यमूलक अनुसन्धान गर्ने विषयमा अत्यधिक शिक्षकहरु आकर्षित भएको पाइयो ।

घ) विद्यालयमा नियमित हाजिरी भई शिक्षण गर्ने सम्बन्धमा शतप्रतिशत शिक्षकहरुले आफ्नो दायित्व बोधको गरेको पाईयो ।

ङ) वहुसंख्यक शिक्षकहरु धुम्रपान र मध्यपान सेवनमा नलागी आफ्नो पेशागत नैतिकता पालना गरेको देखियो तर केही शिक्षकहरु यस सवलमा धुम्रपान र मध्यपान सेवन गर्ने   गरेको शिक्षक स्वयम्‌को जवाफवाट देखिएकोले शिक्षक पेशागत नैतिकतामा नरहेको देखियो।

च) अत्यधिक शिक्षकहरु राजनीतिक दलको क्रियाशील सदस्य नरहेको पाइयो जसले विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्न मद्दत पुऱ्याएको देखिन्छ । तर केही शिक्षकहरु राजनैतिक दलका सदस्य रहेको विश्लेषण तालिकावाट देखिएको छ ।

छ) अत्यधिक शिक्षकहरु पेशागत संगठनमा केहीमात्र समय दिएको पाइयो जुन कुराले उनीहरुको पेशागत नैतिकता माथि प्रश्न उठाएको छ ।

ज) अत्यधिक शिक्षकहरु आफ्नो पेशाप्रति सन्तुष्ट रहेको पाइयो तर थोरै मात्र शिक्षकहरु शिक्षण पेशा भन्दा अन्य पेशाप्रतिको आकर्षण देखियो जस्ले पेशागत नैतिकता पालनामा अवरोध खडा गर्न सक्तछ ।

झ) शतप्रतिशत शिक्षकहरुले आचार संहिता अध्ययन गरेको देखाएको तथ्यलाई पुष्टि गरेको छ तर आचार संहिता अनुसार कतिपय शिक्षकहरुले पेशागत नैतिकतालाई अंगीकार गर्न नसकेको कुरा पुष्टि भएको छ । तसर्थ शिक्षकको पेशागत नैतिकताको सैद्धान्तिक पक्षहरु  व्यावहारिक रुपमा कार्यान्वयन नभएको देखिन्छ ।

ञ) शिक्षकहरुको पेशागतक नैतिकतालाई मर्यादित र आदर्श बनाउन सैद्धान्तिक रुपमा आचार संहिताको पालना गर्नु पर्ने कुरामा उनीहरुले जोड दिएको भएता पनि त्यसको व्यवहारिक पक्षमा कार्यान्वयन फितलो वा कमजोर भएको पाइन्छ ।

च) कतिपय शिक्षकहरुले पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन बालमैत्री सिकाई तथा नियमित उपस्थिति, शैक्षिक सामग्री तथा मूल्यांकनको प्रभावकारी प्रयोग तथाअबलम्वन गरिनुपर्छ ।

ट) कतिपय शिक्षकहरुले शिक्षक पेशालाई पेशा प्रतिको सन्तुष्टि दिलाउन वा पेशालाई आकर्षण बढाउने कार्य गरिनु पर्ने भावना व्यक्त गरेका छन् जसले गर्दा शिक्षकको पेशागत नैतिकतामा टेवा पुऱ्याउछ जसको लागि कर्मचारीहरुले सेवा उपलव्ध गराएबापत् पुरस्कार उपलव्ध गराउनु पर्छ ।

५.१.२. त्यसैगरी यस अध्ययनको दोस्रो अनुसन्धानात्मक प्रश्न “विद्यार्थीहरुको दृष्टिकोणमा शिक्षकहरुले पालना गर्ने आधारभूत पेशागत नैतिकताको कार्यान्वयन कस्तो छ ?” भन्ने   सन्दर्भमा निम्नलिखित निष्कर्षहरु भएका छन् :

क) अत्याधिक विद्यार्थीहरु आफ्ना शिक्षकहरु समय भन्दा अगावै कक्षा छाड्ने विषयमा सहमत छैनन् । तसर्थ उनीहरुको दृष्टिकोणमा आफ्ना शिक्षकहरु जिम्मेवार, उत्तरदायित्व

र कर्तव्य पालक छन् भन्ने देखिन्छ र शिक्षकले आफ्नो पेशाको मर्यादालाई अंगिकार गरी समयमा कक्षा कोठामा जाने समयसम्म रहेमा उसको पेशागत नैतिकतालाई उच्च बनाएका छन् ।

ख) अत्याधिक विद्यार्थीहरु शिक्षकहरु धुम्रपान तथा मध्यपानमा संलग्न छन् भन्ने कुरामा सहमत देखिन्छन् जो शिक्षकले पिउने, नशा लिने कार्य शिक्षकको पेशागत नैतिकताभित्र नरहेको देखिन्छ ।

ग) अत्याधिक विद्यार्थीहरु गृहकार्य नगर्दा शिक्षकले कारर्वाही गर्छ भन्ने विषयमा सहमत देखिन्छन् । यस विश्लेषणलाई हेर्दा शिक्षक आचरसंहितामा रहेको देखिन्छ ।

घ) शिक्षकले कक्षामा अध्यापन गराउँदा शैक्षिक सामग्रीको प्रयोग गर्दैनन् भन्ने विद्यार्थीहरु अत्याधिक रहेको हुनाले जसले पाठ्यक्रममा व्यवस्था भएको उद्देश्य परिपूर्ति गर्न विभिन्न शैक्षिक सामग्रीहरुले शिक्षणलाई सरल र रोचक वनाउन महत्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई अत्याधिक शिक्षकहरुले वेवास्त गरेको छ । तसर्थ उनीहरुले आफ्नो कक्षाकोठामा अध्यापन गर्दा अपनाउनु पर्ने आफ्नो पेशागत नैतिकतालाई राम्रोसँग निर्वाह नगरेको देखिन्छ ।

ङ) अधिकांश विद्यार्थीहरुले उनीहरुका सम्बन्धित शिक्षकहरुले कक्षामा राजनीतिक विषयको कुराकानी गर्दछन् भन्ने विषयमा सहमत प्रकट गरेका छन् र शिक्षकहरु संघसस्था, राजनीतिक दलमा संलग्न रहेको उल्लेख गरेका छन् । तसर्थ यो तथ्य विद्यालयलाई दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु पर्छ भन्ने मान्यताको विपरित रहेको र पेशागत नैतिकतालाई वेवास्त गरेको देखिन्छ ।

च) अधिकांश विद्यार्थीहरुले शिक्षकहरु जूवा, तास जस्ता कुलत कार्यमा संलग्न रहेको दाबी गरेका छन् भने केहीले त्यस्ता कार्यमा शिक्षकहरु नलागेको मत व्यक्त गरेका छन् । यस विश्लेषणलाई अवलोकन गर्ने हो भने ठूलै संख्यामा विद्यार्थीहरुले शिक्षकहरु कुलतमा लागेको देखाएको छ ।

छ) शिक्षकले लिङ्गको आधारमा विद्यार्थीहरुमाथि गरिने भेदभाव सन्दर्भमा अत्याधिक विद्यार्थीहरुले लिङ्गको आधारमा उनीहरुमाथि भेदभाव नभएको कुरा व्यक्त गरे । यसर्थ यो कार्यमा शिक्षकहरु आफ्नो पेशाप्रति सजक रहेको देखियो ।

५.१.३. त्यसैगरी यस अध्ययनको तेस्रो अनुसन्धानात्मक प्रश्न " शिक्षकको पेशागत नैतिकतालाई कायम राख्न प्रधानाध्यपकको भूमिका कस्तो छ ?" भन्ने सन्दर्भमा निम्नलिखित प्राप्तिहरु भएकाछन् :

क) शतप्रतिशत प्रधानाध्यापकहरुको विचारमा एक भन्दा वढीपटक कक्षा अवलोकन गरी सही कार्यकालागि पुरस्कार तथा प्रशंसा प्रदान गरेर शिक्षकको पेशागत नैतिकतामा अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयमा सहमत देखिन्छन् ।

ख) तर अत्याधिक शिक्षकहरुलाई नैतिकवान बनाउन पुरस्कार तथा प्रोत्साहनको महत्वपूर्ण भूमिका रहने कुरामा विश्वस्त रहेको पाइयो ।

ग) धुम्रपान तथा मध्यपानको सवालमा धेरै प्रतिशत गर्दिन भन्ने रहेता पनि थोरै प्रतिशत भए पनि गर्छु भन्ने देखिएको छ । यस सम्वन्धमा पेशागत नैतिकतामा रहन शिक्षा ऐन, नियमको पालन गर्ने, गराउने र प्र. अ. पहिले आफू राम्रो हुनु पर्छ अनि अरुलाई राम्रा बनाउन सकिन्छ भन्ने कुरालाई मनन गरी कार्य गर्नु पर्छ ।

घ) समयको सदुपयोग गरी उपलब्धि मूलक कार्यमा लगाउनु कुनै पनि कार्यको सफलताको कडी हो र समयको सदुपयोग गरी प्रधानाध्यापकले आफ्नो पेशागत नैतिकताको पालना गरेको विभिन्न शिक्षकहरुको धारणावाट प्रष्ट भएको छ । प्रधानाध्यापकहरुले विद्यालयको समय वाहिर विभिन्न पुस्तकपुस्तिका र पत्रपत्रिकाहरु अध्ययन गर्ने तथा विद्यालयको निरीक्षण र अवलोकन गर्ने कार्यमा व्यतित गरेको पाइयो ।

ङ) यसका साथै अन्य संघसंस्थाहरुका कार्यक्रममा सहयोग गरेको पाईयो । तसर्थ प्रधानध्यापकहरु आफ्नो क्षमता विकासका लागि सचेत रहेको पाईयो । त्यस्तै गरी उनीहरु आफ्नो विद्यालयप्रतिको जिम्मेवारीप्रति सजग रहँदै अन्य सामाजिक सेवामा लागेको पाइयो । तसर्थ शिक्षकको सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई प्रष्ट्याइएको छ । प्र. अ. शैक्षिक प्रशासक पनि भएकोले विद्यालयको समय बाहिरको समयलाई विद्यालयको योजना बनाउने, व्यवस्थापन गर्ने, समन्वय गर्ने र स्रोतको खोजी गर्ने कार्यमा रहनु पर्छ ।

च) आर्थिक पारदर्शिता सम्वन्धमा विभिन्न प्रधानाध्यापकका बिचार तथा अवधारणाअनुसार उनीहरुले समय समयमा विद्यालयको लेखापरीक्षण हेर्ने गरेको पाइयो ।  तसर्थ प्रधानाध्यापकहरु पारदर्शि लेखापरिक्षणमा सचेत रहेको देखिन्छ । त्यतिमात्र नभएर उनीहरुले सामाजिक लेखापरीक्षण मार्फत पारदर्शीतालाई कायम राखेको पाइयो ।  तसर्थ सामाजिक लेखापरीक्षण गर्ने गराउने प्र. अ. को पेशागत नैतिकता भित्र पर्दछ र यो कार्य गर्छु भनेको नै देखियो ।

छ) विभिन्न प्रधानाध्यपकहरुका विचारलाई समष्टिगत रुपमा लिने हो भने पुरस्कार तथा दण्ड र सचेतना द्वारा पेशागत नैतिकता लाई उच्चस्तरमा पु-याउन सकिन्छ भन्ने कुरालाई प्रमुख रुपमा उठाइएको पाइयो । शिक्षकको पेशागत नैतिकतालाई उच्चस्तरीय  वनाउन प्रेरणा,

प्रोत्साहन, पुरस्कार वा दण्ड दिई व्यवहारको आकार निर्धारण गर्न सकिन्छ । त्यस्तै शिक्षकको पेशागत नैतिकतालाई उच्च बनाउन तालिमको व्यवस्था गर्न सकिन्छ ।

५.१.४. त्यसैगरी यस अध्ययनको चौथो अनुसन्धानात्मक प्रश्न " शिक्षकको आधारभूत पेशागत नैतिकताको विषयमा वि. व्य. स. तथा अभिभावकहरुको धारणा के छ?" भन्ने सन्दर्भमा निम्नलिखित प्राप्तिहरु भएका छन् :

क) अधिकांश वि. व्य. स. तथा अभिभावकहरुको दृष्टिकोणमा शिक्षकहरु पेशालाई भन्दा अन्य कार्यलाई जोड दिने रुपमा हेरेका छन् भने केहीले सामुदायिक विद्यालयका शिक्षकलाई हेर्दा शिक्षकहरु समर्पित रहेका तथा केहीले शिक्षकहरुलाई साधारण किसिमको दायित्व बोध गर्ने रुपमा लिइएको पाइयो ।

ख) शिक्षकमा थप नैतिक आचारणको पालना गराउन शतप्रतिशत वि व्य स तथा अभिभावकहरुले नियमित अनुगमन गर्नु पर्ने कुरामा जोड दिएका छन् । तसर्थ निरीक्षण तथा सुपरीवेक्षणको कार्यलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

ग) अत्याधिक अभिभावकहरुको विचारमा शिक्षकमा हुनुपर्ने पेशागत नैतिक आचरण भनेको पेशाप्रति समर्पित हुनु पर्ने कुरामा जोड दिएका छन् ।

घ) अधिकांश अभिभावकहरुका बच्चाले उनीहरुका शिक्षकको राम्रो गुणको वारेमा भन्ने गरेको र केहीले नभन्ने गरेको पाइयो । तसर्थ शिक्षकको राम्रो व्यक्तित्व , चरित्र र व्यवहारले विद्यार्थीका विभिन्न व्यवहारलाई  परिवर्तन गर्न सकिन्छ । त्यसैलै शिक्षकको चरित्र र व्यक्तित्व असल हुनुपर्दछ ।

ङ) अत्यधिक अभिभावकको आफ्ना बालबालिकाहरुलाई गृहकार्य नदिएको अभिमत रहेको छ । तसर्थ कक्षा शिक्षण गरिसकेपछि विद्यार्थीले के-कति बुझे/जाने भनी विद्यालयमा पढेको आधारमा घरबाट गरेर ल्याउने गरी दिने कामलाई गृहकार्य भनिन्छ । यसर्थ शिक्षण कार्यप्रति विद्यार्थीलाई क्रियाशील बनाउन गृहकार्यको सवालमा शिक्षकको पेशागत नैतिकतालाई जिम्मेवारी बनाउन गृहकार्य दिने गरिनु पर्छ । यसलाई विश्लेषण गरी हेर्दा शिक्षक पेशागत नैतिकतामा नरहेको देखिन्छ ।

५.१.५. तर अर्को तर्फ शिक्षकहरु आफ्नो पेशा प्रति सन्तुष्ट रहेको कारणले कार्यमूलक अनुसन्धानमा आकर्षित भएका, नियमित हाजिरी भई शिक्षण गर्ने सम्बन्धमा शिक्षकहरुलाई आफ्नो

दायित्व बोध भएको, धुम्रपान र मध्यपान सेवनमा नलागेका, राजनीतिक दलको क्रियाशिल सदस्य नरहेका तर पेशागत संगठनमा केही मात्र समय दिएका  तथ्यलाई हेर्दा उनीहरुले पेशागत नैतिकता पालना गरेको देखियो । त्यसैगरी शिक्षकहरुले आचारसंहिता अध्ययन गरेको र पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन सैद्धान्तिक रुपमा आचार संहिताको पालना गर्नु पर्ने कुरामा उनीहरुले जोड दिइएता पनि आचारसंहिता अनुसार कतिपय शिक्षकहरुले पेशागत नैतिकतालाई अंगीकार गर्न नसकेको कुरा पुष्टि भएको छ । जस्तै सार्वजनिक विद्यालयका शिक्षकहरुले शिक्षण सिकाईमा लिखित पाठयोजनाको अभ्यास नगरेको, मूल्यांकन र पृष्ठपोषणलाई कम महत्व दिएका, तथ्यहरुलाई हेर्दा उनीहरु पेशागत नैतिकता भित्र रहेको देखिन्छ । तसर्थ शिक्षकको पेशागत नैतिकताको सैद्धान्तिक तथा नीतिगत पक्षहरु  व्यवहारिक रुपमा कार्यान्वयन  फितलो वा कमजोर देखिन्छ । तसर्थ पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन बालमैत्री सिकाई, शैक्षिक सामग्री तथा मूल्यांकन प्रभावकारी प्रयोग तथा अबलम्बन तथा नियमित उपस्थिति  अपनाउनु पर्ने कुरामा जोड दिनु पर्दछ भन्ने धारणा व्यक्त गरेको पाइयो ।

५.१.६. वहुसंख्यक शिक्षकहरु जिम्मेवारी,उत्तरदायित्व र कर्तव्य पालक छन् किनभने उनीहरु आफ्नो पेशाको मर्यादालाई अंगिकार गरी समयमा कक्षा कोठामा जाने र छाड्ने गरेका तथा गृहकार्य नगर्दा दण्ड दिने अभ्यास अंगिकार गरेकाले पेशागत नैतिकतालाई उच्च बनाएका छन् । तर शिक्षकहरु धुम्रपान तथा मध्यपान, जूवातास जस्ता कुलतमा संलग्न रहेका छन् । शिक्षकले कक्षामा अध्यापन गराउँदा शैक्षिक सामग्रीको प्रयोग नगर्ने भएकाले उनीहरुले आफ्नो कक्षाकोठामा अध्यापन गर्दा अपनाउनु पर्ने आफ्नो पेशागत नैतिकतालाई राम्रोसँग निर्वाह नगरेको देखिन्छ । शिक्षकले लिङ्गको आधारमा विद्यार्थीहरुमाथि भेदभाव नगरेको हुनाले उनीहरु आफ्नो पेशाप्रति सजक रहेको देखियो । त्यसैगरी शिक्षकहरुले कक्षामा राजनीतिक विषयको कुराकानी, शिक्षकहरु संघसस्था, राजनीतिक दलमा संलग्न रहेका छन् । तसर्थ यो तथ्यबाट विद्यालयलाई  दलगत राजनीतिक तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु पर्छ भन्ने मान्यताको विपरित रहेको र पेशागत नैतिकतालाई वेवास्त गरेको देखिन्छ ।

५.२.३. निरन्तर कक्षा अवलोकन गरी सही कार्यका लागि पुरस्कार तथा नैतिकतालाई पालन गर्ने गराउने कार्यमा प्र. अ. पहिले आफू राम्रो हुनु पर्छ अनि अरुलाई राम्रो बनाउन सकिन्छ । समयको सदुपयोग गरी प्रधानाध्यापकले आफ्नो पेशागत नैतिकताको पालना गर्नु पर्दछ । यसको अर्थ

प्रधानाध्यापकहरुले विद्यालयको समयबाहिर विभिन्न पुस्तकपुस्तिका र पत्रपत्रिकाहरु अध्ययन गर्ने तथा विद्यालयको निरीक्षण र अवलोकन गर्ने कार्यमा व्यतित गरेको पाइयो । यसका साथै अन्य संघसंस्थाहरुका कार्यक्रममा सहयोग गरेको पाइयो । तसर्थ प्रधानाध्यापकहरु आफ्नो क्षमता विकासका लागि सचेत रहेको पाइयो । त्यस्तैगरी उनीहरु आफ्नो विद्यालयप्रतिको जिम्मेवारी प्रति सजग रहँदै अन्य सामाजिक सेवामा लागेको पाइयो । तसर्थ शिक्षकको सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई प्रष्ट्याइएको छ । प्र. अ. विद्यालयको योजना बनाउने, व्यवस्थापन गर्ने, समन्वय गर्ने र स्रोतको खोजी गर्ने कार्यमा रहनु पर्छ । आर्थिक पारदर्शीता सम्वन्धमा प्रधानाध्यापकहरुले समय समयमा विद्यालयको लेखापरीक्षण गराइ हेर्ने गरेको पाइयो । तसर्थ प्रधानाध्यापकहरु पारदर्शी लेखापरीक्षणमा सचेत रहेको देखिन्छ । त्यतिमात्र र उनीहरुले सामाजिक लेखापरीक्षण मार्फत पारदर्शितालाई कायम राखेको पाइयो । तसर्थ सामाजिक लेखापरीक्षण गर्ने गराउने प्र. अ. को पेशागत नैतिकताभित्र पर्दछ र यो कार्य गर्छु भनेको नै देखियो । विभिन्न प्रधानाध्यापकहरुका विचारलाई समष्टिगत रुपमा लिने हो भने पुरस्कार तथा दण्ड र सचेतनाद्धारा पेशागत नैतिकता लाई उच्चस्तरमा पु-याउन सकिन्छ भन्ने कुरालाई प्रमुख रुपमा उठाइएको पाइयो । शिक्षकको पेशागत नैतिकतालाई उच्चस्तरीय बनाउन प्रेरणा, प्रोत्साहन, पुरस्कार वा दण्ड दिई व्यवहारको आकार निर्धारण गर्न सकिन्छ । त्यस्तै शिक्षकको पेशागत नैतिकतालाई उच्च बनाउन तालिमको व्यवस्थावाट गर्न सकिन्छ ।

५.१.७. शिक्षकहरुले आफ्नो पेशालाई भन्दा अन्य कार्यलाई जोड दिने भएकाले उनीहरुले दायित्व वोध कम गरेका छन् । तसर्थ उनीहरुको नैतिक आचारणको पालना गराउन नियमित निरीक्षण तथा सुपरिवेक्षण गरी अनुगमन गरिनु पर्दछ । शिक्षकमा हुनु पर्ने पेशागत नैतिक आचरण भनेको पेशाप्रति समर्पित हुनु, राम्रो व्यक्तित्व र चरित्रको हुनु हो । त्यतिमात्र नभएर कक्षा शिक्षण गरिसकेपछि विद्यार्थीले के-कति बुझे, जाने भनी विद्यालयमा पढेको आधारमा घरबाट गरेर ल्याउने गरी दिने काम जसलाई गृहकार्य भनिन्छ जुन विद्यार्थीलाई क्रियाशील बनाउन गृहकार्यको सवालमा शिक्षकको पेशागत नैतिकतालाई जिम्मेवारी बनाउन गृहकार्य दिने गरिनु पर्छ । यसलाई विश्लेषण गरी हेर्दा शिक्षकले गृहकार्य नदिएको देखियो तसर्थ शिक्षक पेशागत नैतिकतामा नरहेको देखिन्छ ।

## ५.२. सुझाबहरु

यस अध्ययनबाट प्राप्त तथ्यांक, त्यसको विश्लेषण र त्यसबाट प्राप्त निष्कर्षको आधारमा सामुदायीक विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको पेशागत नैतिकतालाई कसरी मर्यादीत र त्यसको सफल कार्यान्वयनको लागि आवश्यक पर्ने सुझाबहरु निम्न रुप प्रस्तुत गरिएको छः

### ५.२.१ नीतिगत तहका लागि

क) शिक्षकहरुको पेशाप्रतिको सन्तुष्टिलाई वृद्धि गर्नु पर्छ ।

ख) धुम्रपान र मध्यपान सेवन तथा जुवा, तास तथा राजनीतिक दलको क्रियाशील सदस्य जस्ता कुराहरुलाई निरुत्साहित गरिनु पर्दछ ।

ग) शिक्षकको पेशागत नैतिकतालाई उच्चस्तरीय बनाउन प्रेरणा, प्रोत्साहन, पुरस्कार वा दण्ड दिई व्यवहारमा परिवर्तन गरिनुका साथै शिक्षकहरुमा तालिमको व्यवस्था गर्न सकिन्छ ।

घ) शिक्षकको पेशागत नैतिकताको आचारसंहितालाई स्थानीयतहसम्म सामान्यीकरण गरिनु पर्छ ।

### ५.२.२ कार्यान्वयन तहका लागि

क) शिक्षकहरुको पेशागत नैतिकतालाई मर्यादित र आदर्श बनाउन आचार संहिताको पालना गराउन नियमित अनुगमन तथा पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

ख) लिखित पाठयोजनाको अभ्यास, बालमैत्री सिकाइ, शैक्षिक सामग्रीको प्रयोग, नियमित मूल्यांकन र पृष्ठ पोषण जस्ता विषयहरुलाई नियमितरुपमा अगाडि वढाउनु पर्दछ ।

ग) शिक्षकको पेशागत नैतिकताको सैद्धान्तिक तथा नीतिगत पक्षहरु व्यवहारिक रुपमा कार्यान्वयन गराउनु पर्दछ ।

घ) शिक्षकले लिङ्गको आधारमा विद्यार्थीहरु माथि भेदभाव गर्नु हुँदैन ।

ङ) निरन्तर कक्षा अवलोकन गरी सही कार्यका लागि पुरस्कार तथा प्रशंसा प्रदान गरेर शिक्षकको पेशागत नैतिकतामा अभिवृद्धि गर्न सकिन्छ ।

च) समयको सदुपयोग गरी प्रधानध्यापक तथा शिक्षकहरुले विभिन्न पुस्तकपुस्तिका र पत्रपत्रिकाहरु अध्ययन गर्ने तथा विद्यालयको निरीक्षण र अवलोकन गरी आफ्नो क्षमता विकास गर्नु पर्दछ ।

छ) प्रधानाध्यापकहरु विद्यालयको योजना बनाउने, व्यवस्थापन गर्ने, समन्वय गर्ने र स्रोतको खोजी गर्ने कार्यमा रहनु पर्छ ।

ज) आर्थिक पारदर्शिताको लागि प्रधानाध्यापकहरुले समय समयमा विद्यालयको लेखापरीक्षण हेर्ने तथा सामाजिक लेखापरीक्षण अगाडि बढाउनु पर्छ ।

झ) शिक्षा ऐन तथा नियमवलीमा भएका शिक्षकका आचार संहितालाई सम्बन्धित पक्षहरुले पूर्णरुपमा पालन गर्ने/गराउने गर्नु पर्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि

क) अनुसन्धानलाई बढी विश्वसनीय बनाउन तथा अनुसन्धानको प्रकृयालाई सरल बनाउन सम्बन्धित विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीको गहन र विस्तृत अध्ययन गर्नुपर्ने ।

ख) अनुसन्धानको निष्कर्षलाई वढी उपलब्धिमूलक र विश्वसनीय तरिकाबाट सामान्यीकरण गर्न अनुसन्धान इकाइलाई सकेसम्म बढी लिनु उपयुक्त हुने ।

ग) अनुसन्धानलाई मिठास भर्न कपोलकल्पित भाषा र तथ्याङ्क राख्नुभन्दा सम्बन्धित क्षेत्रमा उपस्थित भै विषयवस्तुलाई श्रोतका रुपमा उपयोग गर्नु उपयुक्त हुने ।

घ) अनुसन्धान कार्यलाई विश्वासनीय बनाउन श्रोतहरुलाई गहनरुपमा हेर्नु उपयुक्त हुने ।

ङ) विषयवस्तुको प्रस्तुतिलाई सरल भाषा र शैलीबाट प्रस्तुति गर्नुपर्ने ।

च) अनुसन्धानका प्रक्रियाहरु चरणवद्ध तरिकाबाट प्रस्तुत गर्न सोध निर्देशकको परामर्श बारम्बार लिने र निर्देशनलाई पालन गर्नुपर्ने ।

छ) अनुसन्धान कर्ताले भरसक प्राथमिक तथ्याङ्कलाई प्रयोग गर्ने ।

ज) सकेसम्म कम्प्युटर प्रयोग अनुसन्धान कर्ता आफैले गर्दा अनुसन्धानका विषयमा ज्ञान फराकिलो हुने ।

माथि उल्लेखित सुझावहरुलाई आ-आफ्नो ठाउँ वा सम्वन्धित निकायहरुबाट कार्यान्वयन गरे गराएमा शिक्षकहरुको पेशागत नैतिकतालाई मर्यादित बनाउन सकिन्छ भन्ने मलाई लागेको छ ।

# सन्दर्भ सामाग्री


१. अचार्य, बलराम (२०६१), **अनुसन्धा पद्धति तथा प्रतिवेदन लेखन**, काठमाडौं : नेशनल बुक सेनटर, भोटाहिटी , काठमाडौं ।

२. खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं स सनलाइट पव्लिकेशनस्टुडेन्ट्स) कीर्तिपुर, काठमाडैं ।

३ भट्ट,टेकेन्द्रप्रसाद (२०६७), **शैक्षिक मापन तथा मूल्याङ्कन,** काठमाडौंः हेरिटेज पव्लिकेशर्स एण्ड डिष्टिस प्रा.लि., भोटाहिटी, काठमाडौं ।

४. थापा. वि., श्रेष्ठ, च. वा., सग्देल, सै. र लामिछाने, दे. प्र (२०६८). **शिक्षामा मानव संशाधन व्यवस्थापन,** विद्यार्थि पुस्तक भण्डार ; काठमाण्डौं ।

५. शिक्षा विभाग (२०६७), **विद्यालय सञ्चालन तथा व्यवस्थापन सहयोगी हाते पुस्तिका,** जिल्ला शिक्षा कार्यलय , सङ्खुवासभा ।

६. शिक्षा मन्त्रालय (२०६८), **विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्यन निर्देशिका,** केशरमहल, काठमाडौं ।

७. शिक्षा मन्त्रालय (२०५१), **शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९,** विकास पव्लिकेशन; काठमाण्डौ ।

८. शिक्षा मन्त्रालय, (२०६९), **शिक्षा सम्बन्धि निर्देशिकाहरुको संगालो भाग-१,** सगरमाथा मिडिया नेटवर्क प्रा. लि. नयाँ बानेश्वर, शिक्षा विभाग, सानोठिमी भक्तपुर

९.शर्मा, चिरिन्जिवि र शर्मा, निर्माला (२०६०), **शिक्षा मनोविज्ञान,** एम के पव्लिसर एण्ड डिष्ट्रिव्यूटरर्स, काठमाण्डौ।

१०. शर्मा, चिरिन्जिवि र शर्मा, निर्मला (२०६४),**पाठ्यक्रम योजना र अभ्यास** , एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, काठमाडौं ।

११. न्यौपाने, विनोद(२०६५), शिक्षा ऐन, (२०२८), तथा शिक्षा नियमावली, (२०५९), **समीक्षात्मक विवेचना सह्ति**, काठमाडौं स वौद्धिक दर्पण प्रकाशन, पुतलिसडक, काठमाडैं

१२. श्रेष्ठ, भवानी ( २०६८), **भोजपुर जिल्लाको प्याउली स्रोतकेन्द्रका विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण र कार्यान्वियनको अवस्था**, शोध पत्र ।

१३. शिक्षा (२०६८),शैक्षिक पत्रिका , देवकोटा, चित्र प्रसाद ( प्रधान सम्पादक ) ।

१४. शर्मा, दण्डपाणी (२०६०), **माध्यमिक शिक्षक अध्यापन अनुमति पत्र दिग्दर्शन काठमाडौं :** आठराई प्रकाशन, पुतलीसडक, काठकाडौं ।

१५. Arril, R. J. (2007). ,*Nations of the self and eithic in education*.Unpublished doctotoral dissertation, Department of curriculum and Instruction, University of victoria.

१६. Barry V. (1985). *Applying ethics: a text with redings*.California: wadsworth.

१७. Benninga, J. S. (2003) . *Moral and ethical issues in teacher education.*Washington DC: ERIC Clearighouse on Teaching and Teacher Education .

१८. Bernstein, B.E. & Hartsell, T.L.(2000). *The mental healthprofessionals : An A-Z guide to responsiblepractice.* New York :John Wiley .

१९. Brewer, J. D. (2000). *Ethnography* . Buckingham, philadelphia : Open University Press ।

२०. Caetano ,Ana Paula & Silva, Maria, de Lurdes ( 2009 ) . *ProfessionalEthics and Teacher and Teacher Education*, Sisifo Education Sciences Joumal, 08, pp. 47 – 54.

२१. Creswell , J . W . (2003 ) . *Research design* : Qualitative , quantitative and mixed methods approaches (2 nd ed. ).

२२. GON (2071). *Education act , 2071* [Seventh amendment]. Kathmandu: Author.

२३. Hammersley , M. & Atkinson , P. (2007) . *Ethnography* : *Principles in practice* ( 3 rd ed. ) New York : Routledge .

२४. Heyman , R . Arend , A . & Gastmans , C .(2007 ) . Dutch Nurses, Views on Codes of Ethics . Nursing , 14(2) , 156- 170 .

२५. Murchison , J . M .(2010). *Ethnography essential : Designing , conducting , and presenting your research* . San Franscisco :Jossey - bass .

२६. Cogan , M . L . (1953) . Towards a definition of a profession .*Harvard Educational Review* , Vol . XXIII , pp. 33 - 50 .

२७. Coombs - Richardson , R . (2005) . A comparison of valuesranking for selected American  and Australion Teachers . *Journal of Research in International Education* , 4(3), 263 - 277 .

२८. kienzle , D . S . (2004 ) .Teaching ethics isn 't enough : The challenge of  beng ethical teachers .  *Journal of business communication ,* 41(2), 242-301 .

२९. Tooley , J . (2004) . Private education and education far all. *Economic affairs* , 24(4) , 4 - 8.

३०. Trevino , L. K. Weaver , G . R. & reynolds , s . J . (2006 ) Behavioral Ethics in organizations : A Review . *Journal of Management* , 32(6), 951 - 990 .

अनुसूचि एक

खाँदवारी नगरपालीकामा रहेका माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुको

नामावाली

१. श्री हिमालय उच्च माध्यमिक विद्यालय खाँदवारी ।

२. श्री महेन्द्र उच्च माध्यमिक विद्यालय मानेभञ्ज्याङ्ग ।

३. श्री मनकामना रत्न अम्विका उच्च माध्यमिक विद्यालय तुम्लिङ्टार ।

४. श्री वागेश्वरी उच्च माध्यमिक विद्यालय ढुङ्गेधारा ।

५. श्री विद्द्योदया माध्यमिक विद्यालय तल्लो पांठा ।

६. श्री सरस्वती माध्यमिक विद्यालय माल्टा ।

७. श्री आदर्श माध्यमिक विद्यालय पिप्ले ।

८. श्री जालपा माध्यमिक विद्यालय चेवा ।

९. श्री कालिका माध्यमिक विद्यालय सेकाह ।

१०. श्री आदर्श विद्यामन्दिर माध्यमिक विद्यालय पाठकगाऊँ ।

११. श्री मंगलादेवी माध्यमिक विद्यालय तिनपोखरी ।

## अनुसूचि दुई

## शिक्षकको लागि आत्म मूल्याङ्कन प्रश्नहरु

तपाईको स्थिति जे हो त्यसमा (√) चिन्ह लगाई र छोटो उत्तर लेखेर सहयोग गरिदिनुहोस्।

१. कक्षाकोठामा प्रवेश गर्नु अघि सधैं पाठयोजना निर्माण गर्नु हुन्छ ?

(क) लिखित रुपमा गर्दछु ।  (ख) दिमागी रुपमा मात्र ।  (ग) निर्माण गर्दिन ।

२. कक्षा शिक्षणमा निरन्तर गर्नुहुन्छ ?

(ख) सधैं ।  (ग) कहिल्यैं गर्दिन ।

३. कार्यमूलक अनुसन्धान गर्नु हुन्छ ?

(क) गर्छु ।  (ख) गर्दिन ।  (ग) थाहा छैन ।

४. विद्यालयमा नियमित हाजिरी भई कार्य गर्नलाई के भन्नु हुन्छ ?

(क) तलव भत्ता पकाउने ।  (ख) दायित्व वोध गर्नु ।  (ग) पढाउन मात्र ।

५. धुम्रपान, मध्यमान गर्नु हुन्छ ?

(क) गर्छु ।  (ख) गर्दिन ।  (ग) चाडपर्व/भोजभतेरमा मात्रै ।

६. तपाईले शिक्षकको आचरसंहिंता अध्ययन गर्नु भएको छ?

.............................................................................................................

७. कुनै राजनितिक दलको क्रियाशिल सदस्य हुनुहुन्छ ?

.............................................................................................................

८. शिक्षकको पेशागत संगठनमा कतिको समय दिनु हुन्छ ?

.............................................................................................................

९. के तपाई आफ्नो पेशा भन्दा अन्य कुनै पेशा राम्रो ठान्नु हुन्छ ?

.............................................................................................................

१०. अन्त्यमा तपाईको आफ्नो व्यक्तिगत अनुभवमा शिक्षकको पेशागत नैतिकतालाई कसरी मर्यादित र आदर्श वनाउन सकिन्छ ?

.............................................................................................................

## अनुसूचि तीन

## प्रधानाध्यापकका लागि आत्म मूल्याङ्कन प्रश्नहरु

तपाईको स्थिति जे हो त्यसमा (√) चिन्ह लगाई र छोटो उत्तरलेखेर सहयोग गरीदिनुहोस् ।

१. तपाईका शिक्षक साथीहरुको कक्षा अवलोकन महिनामा कति पटक गर्नु हुन्छ ?

(क) एक पटक । (ख) एक पटक भन्दा वढी । (ग) गरेको छैन ।

२. कक्षा अवलोकन पछि शिक्षकलाई कसरी पृष्ठपोषण दिनु हुन्छ ?

(क) आलोचना गर्छु । (ख) पहिले सुधारात्मक कुरा गरेर सवल पक्षको चर्चा गर्छु ।

(ग) पहिले प्रसंसा गर्छु र सुधारात्मक कुरा गर्छु ।

३. कक्षा अवलोकन र पृष्ठपोषण गर्नु हुन्न भने किन त ?

(क) सवै शिक्षक सक्षम छन् । (ख) कसैले सुध्रिन मान्दैनन् ।

(ग)समयको अभाव हुन्छ । (घ) आवश्यकता महशुस नगरेर ।

४. यदि कक्षा अवलोकन गर्नु हुन्छ भने के के कुराको अवलोकन गर्नु हुन्छ ?

(क) नियमितता । (ख) शिक्षण क्रियाकलाप ।

(ग)अनुशासन । (घ) माथिका सबै ।

५. शिक्षकहरुको आचार संहितालाई कसरी पालन गराउनु हुन्छ ?

(क) विद्यालयमा होडिङ्ग वोर्ड राखेर । (ख) शिक्षकलाई दण्ड दिएर ।

(ग) शिक्षकलाई संम्फाई वुम्फाई गरेर । (घ) अनुशासन पुरस्कार व्यावस्था गरेर ।

६. मध्यपान, धुम्रपान कतिको सेवन गर्नु हुन्छ ?

(क) पटक्कै गर्दिन । (ख) साथीभाइसंग भेटघाटमा ।

(ग) पर्व, उत्सव र पार्टीहरुमा (घ) मुड विग्रिएको वेला ।

७. विद्यालय समय वाहिर के गरेर विताउनु हुन्छ ?

..........................................................................................................

८. विद्यालयको आर्थिक पारदर्शिता राख्ने कहिले कहिले लेखा स्रेताको अध्ययन गर्नु हुन्छ ?

..........................................................................................................

९. शिक्षकको पेशागत नैतिकतालाई उच्च स्तरीय वनाउन थप के के कार्य गर्नु पर्ला ?

..........................................................................................................

## अनुसूचि चार

## विद्यार्थीको लागि प्रश्नावली

तपाईले जे देख्नु भएको छ सही उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

१. शिक्षकहरु समयमा कक्षा कोठामा आउनु हुन्छ ?

(क) आउनु हुन्छ । (ख) आउनु हुन्न ।

२. शिक्षकहरु घण्टी छोडेर वाहिर निस्कनु हुन्छ ?

(क) जानु हुन्छ । (ख) जानु हुदैन ।

३. शिक्षकहरुले धुम्रपान मध्यपान गरेको देख्नु भएको छ ?

(क) छ । (ख) छैन ।

४. तपाईहरुले गृहकार्य नगर्दा कार्यवाही गर्नुहुन्छ ?

(क) गर्नु हुन्छ । (ख) गर्नु हुदैन । (ग) गृहकार्य नै दिनु हुन्न ।

५. शैक्षिक सामग्रीको प्रयोग गरेर सिकाउनु हुन्छ ?

(क) हुन्छ । (ख) हुदैन ।

६. कक्षामा राजनीतिक पार्टीको कुरा गर्नु हुन्छ ?

(क) छ । (ख) छैन ।

७. शिक्षकहरु संघसंस्था , राजनीतिक दलमा संलग्न भएको देख्नु भएको छ ?

(क) छ । (ख) छैन ।

८. कुनै शिक्षकले तास, जुवा खेलेको देख्नु भएको छ ?

(क) छ । (ख) छैन ।

९. कुनै शिक्षक छात्रहरुलाई वढी दण्ड र छात्रालाई वढी माया गर्नु हुन्छ ?

(क) छ । (ख) छैन ।

# अनुसूचि पाँच

## वि.व्य.स. तथा अभिभावकलाई प्रश्नावालीहरु

तपाईलाई ठीक लागेको ठाउमा (√) चिन्ह लगाउनुहोस् ।

१. अन्य शिक्षकहरुको तुलनामा सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकलाई तपाई कुन रुपमा लिनु हुन्छ ?

(क) समर्पित ।   (ख) दायित्व वोध नगर्ने ।

(ग) साधारण किसिमको दायित्व वोध गर्ने ।

(ष्ख) पेशालाई भन्दा अन्य कार्यलाई प्राथमिकता दिने ।

२. के गरिएमा शिक्षकमा थप नैतिक आचारणको परिपालन गराउन सकिएला ?

(क) दण्ड, जरिवाना ।   (ख) आर्थिक लाभ / पुरस्कार ।

(ग) नियमित अनुगमन ।   (घ) शिक्षा ऐन / नियमावलीको पालन गराएर ।

३. पेशागत नैतिक आचरणलाई परिपालन / कार्यान्वयन गराउने निकाय तपाईको विचारमा को हो ?

(क) विद्यालय प्रशासन ।   (ख) जि. शि. का. ।

(ग) वि. व्या. स. ।   (घ) शिक्षामन्त्रालय ।   (ङ) माथिका सबै

४. तपाईको विचारमा शिक्षकमा हुनु पर्ने पेशागत नैतिक आचरण के होला ?

(क) तलव भत्ता पकाउने ।   (ख) नियमितता ।

(ग) पेशाप्रति समर्पित/अनुशासित ।

(घ) विद्यालयको अतिरिक्त सामाजिक काममा पनि ध्यान दिने ।

५. तपाईको कुनै बच्चाले आफ्नो शिक्षकको राम्रो गुणको वारेमा कुरा गरेको छ ?

(क) छ ।   (ख) छैन ।

६. शिक्षकले आफ्नो वालवालिकालाई नियमित गृहकार्य दिएको थाहा छ ?

(क) छ ।   (ख) छैन ।

## अनुसूचि छ



श्री वागेश्वरी उ.मा.वि.ढुङ्गेधाराका प्रधानाध्यापक श्री गोपाल प्रसाद निरौला प्रश्नावली भर्दै



श्री महेन्द्र उ.मा.विमानेभञ्ज्याका प्रधानाध्यापक श्री गणेश प्रसाद निरौला प्रश्नावली भर्दै



श्री हि. उ.मा. खाँदबारीका प्रधानाध्यापक श्री विश्वकुमार बज्राचार्य प्रश्नावली भर्दै

अनुसूची सात



श्री वागेश्वरी उ.मा.वि.ढुङ्गेधाराका शिक्षकहरु प्रश्नावली भर्दै



श्री महेन्द्र उ.मा.वि.मानेभञ्ज्याङ्गका शिक्षकहरु प्रश्नावली भर्दै



श्री हि. उ.मा.वि.खाँदबारीका शिक्षकहरु प्रश्नावली भर्दै

## अनुसूची आठ



अभिभावक प्रश्नावली भर्दै



अभिभावक प्रश्नावली भर्दै



श्री वागेश्वरी उ.मा.वि.ढुङ्गेधाराका वि.व्य.स. अध्यक्ष श्री हरिश्वर थापा प्रश्नावली भर्दै

# अनुसूची नौ




अभिभावक प्रश्नावली भर्दै



अभिभावक प्रश्नावली भर्दै



अभिभावक प्रश्नावली भर्दै

## अनुसूची दश



श्री वागेश्वरी उ.मा.वि.ढुङ्गेधाराका विद्यार्थीहरु प्रश्नावली भर्दै



श्री महेन्द्र उ.मा.वि.मानेभञ्ज्याङ्गका विद्यार्थीहरु प्रश्नावली भर्दै



श्री हि.उ.मा.वि. खाँदबारीका विद्यार्थीहरु प्रश्नावली भर्दै